स्थानीय 'ख' वर्गको
# झुलेनी पोष्ट
www.jhulenipost.com
वर्ष ५, अंक २४, २०७९ माघ १० मंगलवार (Jhuleni Post Weekly 24 Jan. 2023) पृष्ठ ८, मुल्य रु. २०
साप्ताहिक

झुलेनी पोष्ट साप्ताहिक
विज्ञापन प्रकाशनका लागि सम्पर्क
०८६-५९०४३६
कार्यालय : प्यूठान न.पा.-४, बिजुवार
Email : jhulenipyuthan@gmail.com

## गर्जेनी दुर्घटनाको १८ वर्षपछि घुम्ति काटिंदै





**एलबी थापा**
**झुलेनी पोष्ट, प्यूठान**

गर्जेनी दुर्घटनाको १८ वर्षपछि यहाँको घुम्टि काट्न थालिएको छ । माण्डवि गाउँपालिका वडा नं. १ मा पर्ने (NH-53) को चेनेज ३७+००० देखि ३८+००० कि.मि. सडक खण्डमा घुम्टि र मोड काट्न थालिएको हो । २०६१ माघ ८ गते जन्ति बस दुर्घटना हुँदा विजुवार टारिका ४१ जनाको ज्यान गएको थियो । त्यो बेला गर्जेनी दुर्घटनाले सिंगो मुलुकको ध्यानाकर्षण भएपनि सडक मर्मतमा राज्यले चासो दिएको थिएन ।

तत्कालीन प्रधानमन्त्री शेर बहादुर देउवाले शोक बक्तव्य निकालेर घटनाप्रति दुख व्यक्त गरेपनि पटक पटक प्रधानमन्त्री भएका देउवाले यहाँको सडकको स्तरोन्नतीका लागि कहिल्यै बजेट नछुट्टयाएको स्थानीयको गुनासो रहँदै आएको थियो । जिल्ला विकास समिति, प्यूठानमा भएको सर्वदलिय बैठकले अधिबक्ता रामेश्वर सुवेदीको संयोजकत्वमा गठित ७ सदस्यीय स्वतन्त्र नागरिक छानबिन समितिले दिएको प्रतिवेदन १८ वर्षपछि कार्यान्वयनमा आएको छ। 'हामीले धेरै दुःख गरेर दुर्घटनाको कारण सहित प्रतिवेदन तयार पारेका थियौं', संयोजक सुवेदिले भने, 'तर कतैबाट पनि सुझाव कार्यान्वयनमा आएको थिएन' 'गर्जेनी दुर्घटना भएको १८ वर्षपछि बल्ल काम हुन थालेछ', उनले भने । उनका अनुसार अहिले पनि सडक यातायातमा उस्तै लापरवाहिको अवस्था रहेको बताए। जन्ति बस दुर्घटना हुँदा चालकको गाडी चलाउने अनुभव कम भएको, तिब्र गतिमा बस चलाएको, मदिरा सेवन गरेको, साँघुरो सडकका कारण र्दुघटना भएको प्रतिवेदनको निष्कर्ष रहेको उनले बताए । सडक डिभिजन कार्यालय प्यूठान मार्फत घुम्टि फराकिलो बनाउन आँशु लेकाली जेभिले जिम्मा पाएको छ। साँघुरो र घुम्ति सडक भएको यो ठाउँमा सवारी साधन आउजाउ गर्न असहज रहेको थियो । डरलाग्दो चट्टाने भिर काटेर निर्माण गरिएको यहाँको सडक खण्डमा दिनहुँ दुर्घटनाको जोखिम रहेको थियो । यहि पुस २८ गतेदेखि सुचना निकालेर यहाँको बाटो निर्माणको काम थालिएको छ । डिभिजन सडक कार्यालय, प्युठानका प्रमुख वीरेन्द्रबहादुर चन्दले गर्जेनी र आसपासका भीर फोडेर सडक चौडा बनाउने गरी काम सुरु भएको जानकारी दिए । उनका अनुसार प्रत्येक दिन बिहान ११ बजेदेखि साँझ ५

**बाँकि ४ पेजमा ....**

### २०६१ माघ ८ गतेको गर्जेनी दुर्घटना

*२०६१ साल माघ ८ गते शुक्रबार दाङको देउखुरी सोनपुरबाट बेहुली लिएर प्यूठान आउँदै गरेको बस तिरामको गर्जेनीमा दुर्घटनामा परेको थियो । दुर्घटनामा बेहुला, घरपरिवार, छिमेकि र जन्ती गरी ४१ जनाको मृत्यु भएको थियो । त्यो भयानक दुर्घटनालाई धेरैले भुले पनि माघ ८ गते आउँदा प्यूठानीले भुल्न सक्दैनन् । ६० जना जन्ती लिएर गएको बसमा फर्कंदा ५६ जना थिए । तीमध्ये ३३ जनाले घटना स्थलमै ज्यान गुमाएका थिए भने ५ जनाको प्यूठान अस्पतालमा, २ जनाको बुटवल स्थित अञ्चल अस्पतालमा र १ जनाको भारतको लखनउमा उपचारका क्रममा मृत्यु भएको थियो । चालक सहित १५ जना घाइते भएका थिए । मृत्यु हुनेहरुमा टारी गाउँका मात्र २८ जना थिए । दाङका २ जना र अरू प्यूठानकै पुण्यखोला, विजयनगर र खलंगाका थिए । घटनापछि टारीगाउँ पुरुषविहीन भएको थियो । टारीका मात्र २२ महिला विधवा भएका थिए । मृत्यु भएका सबै ४१ जनालाई झिमरुक नदी किनारमा लहरै जलाइएको थियो । दुर्घटनामा परि घाइते दुलही निर्मला अधिकारीको करिब १ महिना अस्पतालमा उपचार भएको थियो ।*

## मैत्रिपूर्ण फुटवलको ट्रफि गौमुखीलाई



**बिवस जि.एम.**
**झुलेनी पोष्ट**

प्यूठानमा भएको कर्मचारीविच मैत्रिपुर्ण फुटबल प्रतियोगितामा गौमुखी गाउँपालिका विजयी भएको छ । आइतबार भएको फाइनल खेलमा गौमुखी गाउँपालिकाले २.० गोलले सरुमारानी गाउँपालिकालाई पराजित गर्दै बिजयी भएको हो । खेलको ३९ औ मिनेटमा १ गोल गर्दै गौमुखीले आफुलाई अब्बल बनाएको थियो। खेलको ६६ औ मिनेटको पेनाल्टीको मौकामा पुनः गौमुखीले १ गोल जोड्दै अग्रता कायम राख्दै जित हात पारेको हो । खेलमा बिजेता गौमुखीले ३० हजार रुपैयाँ सहित ट्रफि, मेडल, र प्रमाणपत्र प्राप्त गरेका छन्। उपबिजेता सरुमारानीले नगद २० हजार रुपैयाँ, कप, मेडल र प्रमाणपत्र पाएको छ। सेमिफाइनलमा पुगेका नौबहिनी गाउँपालिका र प्यूठान नगरपालिकाले पनि ५ हजार र प्रमाणपत्र पाएका हुन् । प्यूठान नगरपालिका ४ स्थित गणतान्त्रीक खेलकुद मैदान बिजुवारमा शनिबार देखी सुरु भएको फुटबल प्रतियोगिता आइतबार सकिएको छ । प्यूठान नगरपालिकाको आयोजनामा सुरु भएको प्रतियोगितामा जिल्लाका ९ वटा स्थानीय तह मध्ये स्वर्गद्वारी नगरपालिका बाहेक अन्य ८ स्थानीय तहले प्रतिष्पर्धामा भाग लिएका थिए । जिल्लामा रहेको कर्मचारीहरुको मेलमिलाप तथा मित्रवत सम्बन्ध बढाउने उदेश्यले कार्यक्रम सञ्चानलन गरिएको प्यूठान नगरपालिका सहायक कप्तान माधब गिरीले जानकारी दिए । साथै यस्तो कार्यक्रम जिल्लामा यो भन्दा अधिका दिनमा आयोजना नभएको भन्दै अहिले भएको कार्यक्रम गौरवको कुरा भएको समेत उनले बताए । त्यस्तै उनले पहिलो पटक आयोजना हुँदा अहिले पूर्ण रुपमा व्यवस्थित हुन नसकेको जानकारी गराउँदै आगामी दिनमा अझ व्यवस्थित ढङ्गले कार्यक्रम सञ्चालन गर्ने पनि बताएका छन् ।

### हाम्रो नजर

## गर्जेनी सडक खण्ड फराकिलो हुँदै



*भालुवाङ प्युठान सडक खण्ड अन्तर्गत बड्डाँडा हुँदै चकचके जोड्ने गर्जेनी सडक खण्ड फराकिलो हुँदैछ । यहाँको सडक खण्ड फराकिलो बनाउने कार्य माघ लागेदेखि तिव्र गतिमा काम भईरहेको छ । आँशु लेकाली जेभी निमार्ण कम्पनीले निर्माणका लागि जिम्मा लिएर पुस २८ गतेदेखी निमार्ण कार्य सुरु गरेको थियो । डरलागदो चट्टाने भिरलाई फोडेर सडक ८ मिटर चौडाको बनाइदैछ । घुम्ति सहितको यो सडक खण्ड साघुँरो हुँदा सवारी साधन आवत जावतमा समस्या हुँदै आएको थियो ।*

*यो सडक खण्डमा दैनिक सयौं सवारी सहित मालबाहक यातायातका साधन ओहोर दोहोर गर्छन् । घुम्टि सडक खण्ड साँघुरो भएको भन्दै सडक फराकिलो बनाउन थालिएको सडक डिभिजन कार्यालय प्यूठानले जनाएको छ । डिभिजन कार्यालयका अनुसार निर्माणका लागि अहिले प्रत्येक दिन बिहान ११ बजेदेखि साँझ ५ बजेसम्म पूर्ण रुपमा बाटो बन्द गरेर सडक बिस्तारको काम भइरहेको छ । २०६१ माघ ८ गते जन्ती बस दुर्घटना भएको करिब १८ वर्ष पछि यो सडक खण्ड मर्मत हुन लागेको हो । यहिँबाटै बस दुर्घटना हुँदा प्यूठान बिजुवार टारिका एकै गाउँका ४१ जना भन्दा बढिको दुर्घटनामा ज्यान गएको थियो ।*

## कहिले पाउलान प्यूठानीले सहजै पेट्रोल



प्यूठान न.पा.-७, को जिवनदान आयल सप्लायर्समा पेट्रोल भर्न लामवद्ध मोटरसाइकल

*जिल्लामा पछिल्लो समय पेट्रोलियम पदार्थको अभाव हुँदै गएको छ । पम्प सञ्चालकहरुले पेट्रोलियम पदार्थ नियमित रुपमा नल्याँदा जिल्लामा कालोबजारी मौलाउँदै गएको छ । खोका पसलमा पेट्रोल नियमित पाइने भएपनि पम्पमा भने नपाइने गरेको उपभोक्ताहरुको गुनासो छ । पम्पमा केहिँ मात्रामा डिजेल राख्ने गरेपनि पम्प सञ्चालकहरुले पेट्रोल राख्ने गरेका छैनन् । पम्पमा पेट्रोल नहुँदा उपभोक्ताहरुले महँगोमा पेट्रोलियम पदार्थ प्रयोग गर्न बाध्य भएका हुन् । आयल निगमले तय गरेको दरभन्दा बाहिरबाट पेट्रोल किन्दा २ सय १० रुपैयाँदेखि २ सय ५० रुपैयाँ सम्ममा पेट्रोल खरिद गरी प्रयोग गर्नुपर्ने उपभोक्ताहरु बताउँछन् ।*

*केही दिनयता जिल्लाका धरैजसो पम्पहरुमा पेट्रोलको अभाव भएको सामाजिक सञ्जालमा बिरोध गरिदै आएपनि सम्बन्धित निकायले नियमित रुपमा पम्प सञ्चालनमा चासो नदिएको उनिहरुको गुनासो छ । एक/दुई हप्ता व्यवसायिक समस्याका कारण पेट्रोल राख्न नसक्ने भएपनि महिनौ सम्म पेट्रोलियम पदार्थ नल्याउँदा उपभोक्ताहरुलाई मार परेको हो । जिल्लाको पुण्यखोला क्षेत्रमा २ वटा पेट्रोल पम्प स्थापना भएपनि सेवाग्रहिलाई नियमित रुपमा पेट्रोल पुऱ्याउन सकेका छैनन् । जिल्लाको माण्डवि गाउँपालिकाका पेट्रोल पम्पमा भने केहि दिन अभाव हुने भएपनि महिनौ सम्म अभाव नहुने उपभोक्ताहरुको भनाइ छ ।*

झुलेनी पोष्ट
सम्पादकीय....

## गर्जेनीमा पुनः दुर्घटना नदोहोरियोस्

आज भन्दा १८ वर्ष अघि सिंगो देशलाई स्तब्ध बनाउने गरि गर्जेनीमा जन्ति बस दुर्घटनाग्रस्त भएको थियो । २०६१ माघ ८ गते दाङको देउखुरीबाट बेहुली लिएर प्यूठानको टारी गाँउ फर्कदै गरेको जन्तीबस तिरामको गर्जेनीमा दुर्घटनामा परेको थियो । गाँउनै रितो हुने गरी भएको दुर्घटनामा ४१ जनाले ज्यान गुमाएका थिए । हालको माण्डवी गाँउपालिका वडा नं. १ मा पर्ने गर्जेनी बस दुर्घटना स्थलमा घुम्ती साँघुरो र ठूला खाल्डाखुल्डीकै कारण पुनः दुर्घटनाको जोखिम रहेको छ । दुर्घटनास्थलमा माण्डवी नदी किनार पर्खाल भत्कीएको, सडक छेउको डिभाइडर, ढुङ्गा जाली भत्कीएको अवस्थामा छ ।

प्यूठान प्रवेश गर्ने नयाँ सवारी चालकले गर्जेनीमा पुग्दा खाल्डा खुल्डी बचाउन खोज्दा सवारी साधन खोलामै खस्न सक्ने जोखिम रहेको छ । यो सडकको छेउँतिरको पक्की भाग समेत भत्किएको छ । सवारी चालकहरुले तिखो घुम्ति मोड र खाल्डाखुल्डीका कारण दुर्घटनाको भय रहेको बताउँछन् । गर्जेनी दुर्घटना भएको १८ वर्ष बित्दा सम्म यो सँग सरोकार राख्ने कार्यालयले बाटो फराकिलो बनाउन सकेका छैनन् । जन्ति बस दुर्घटना भएको नेपालकै ठूलो घटना भएको हुनसक्ने अनुमान गरिएपनि सामान्यतया सडक चौडा बनाउने, खाल्डाखुल्डी पुर्ने, मोड कटिङ लगाएत अन्य नयाँ काम हुन सकेको छैन ।

तत्कालीन जिल्ला विकास समितिले गर्जेनी बस दुर्घटना छानविन समिति गठन गरी सार्वजनिक प्रतिवेदन कार्यान्वयन गर्न बल्ल सडक डिभिजन कार्यालयको आँखा परेको छ । प्रतिवेदनबारे हालसम्म सम्वन्धित तथा सरोकारवाला निकायले चासो दिएका थिएनन् भने कार्यान्वयनमा ध्यान गएको थिएन । राज्य नै बेखबर भएको यो ठाउँमा पुनः दुर्घटना नदोहोरियोस । सडक चौडा पार्ने कामले तत्कालै पुर्णता पाओस ।

# विक्षिप्त काँग्रेस र लजाएको लोकतन्त्र



**विवि श्रेष्ठ**

नेपाली काँग्रेसको महाधिवेशनबाट नै ढोक्सा थापेर बसेका रामचन्द्र पौडेल अहिलेको सन्दर्भमा सबैभन्दा लोभी व्यक्ति देखिएका छन । महाधिवेशन अघिसम्म सभापति शेरबहादुर देउवाको चकी आलोचक बनेका पौडेल देउवाको राष्ट्रपति बनाउने आश्वासनले देउवाको छायासमेत बने। आफ्नो निर्वाचन क्षेत्रमा तत्कालीन नेकपा एमालेका उम्मेदवार कृष्णकुमार श्रेष्ठ किसानसँग संसदीय निर्वाचनमा हार बेहोरेर विक्षिप्त बनेका पौडेल गठबन्धन गरेर जसरी पनि जित्ने र सके प्रधानमन्त्री नभए राष्ट्रपति बन्ने सपनामा रहेकामा १० पुसको घटनापछि झन रनभुल्लमा परेका छन ।

महाधिवेशनमा देउवालाई समर्थन गरेर मात्र पद प्राप्ति गर्न सकिन्छ भन्ने मनसाय पालेर गठबन्धनका नारा अलापेका पौडेल गठबन्धनका संयोजकसमेत बने । त्यसको एउटै उद्देश्य भनेको गठबन्धनबाट सांसद जित्ने र प्रधानमन्त्री बन्ने, त्यो पनि नपाए राष्ट्रपति बन्ने पौडेलको धोको हो। त्यही धोकोलाई पूरा गर्न महाधिवेशनमा प्रतिस्पर्धीसमेत नबनेर देउवाका सारथी बने, जसको परिणाम देउवा सभापति पनि बने । सधैं परिवर्तन र सुशासनको नारा ओकल्ने पौडेल पदका लागि देउवाका सबैभन्दा नजिकका विश्वास पात्र बने । यदि महाधिवेशनमा पौडेलले शेखर कोइरालाको समर्थन गरेमा शेखर नै सभापति बन्ने थिए । तर, पदका लागि पौडेल नेपाली काँग्रेसको मात्र होइन, आमजनताको पक्षमा अनि परिवर्तनका पक्षमा बाधक बनेका छन । सत्यता यही हो ।

यहीँभित्र भएको संसदीय निर्वाचनमासमेत पौडेलले देउवालाई समर्थन गरेर परिवर्तनका बाधक बने । आफूअनुकूलताका लागि परिवर्तनका नारा ओकल्ने देउवा पदलोलुपताका लागि गरिएको देउवासँग गरिएको साठगाँठमा आमजनता अनभिज्ञ छैनन । गठबन्धनको संयोजक बनेर माओवादी केन्द्रलाई घाटा लागेता पनि नेपाली काँग्रेसलाई भने फाइदा नै पुगेको छ । जसको फाइदा पौडेललाई पनि भयो। एकचोटी जितेर मर्ने चाहना व्यक्त गरेका पौडेलले यसपटक तनहुँ क्षेत्र नं १ बाट गठबन्धनका उम्मेदवार बनेर जिते। आफ्नै सरकार रहेको र गठबन्धनबाट बनेको सरकार फेरि पनि आफ्नै बन्नेमा आशावादी बनेको नेपाली काँग्रेस र पौडेल भने १० पुसको घटनाक्रमले तिरिमिरी बनेका छन । एकाएक एमालेको समर्थनमा प्रचण्ड प्रधानमन्त्री बनेपछि फेरि पनि ठूलो दलको नेताका हैसियतले आफैं प्रधानमन्त्री बन्ने र गठबन्धन कुनै पनि हालतमा नटुट्ने विश्वासमा रहेको नेपाली काँग्रेस रनाहमा परेका छन।

१० पुस २०७९ पछिको घटनाक्रमले राष्ट्रिय राजनीतिमा तरंग ल्याइदियो । गठबन्धनको सरकार बन्ने र पुन सत्ता अनि शक्तिमा दोहन गर्न पाइने आशामा बसेकाहरू वाम गठबन्धनको सरकार बनेपछि आहत बने। स्थानीय सरकार, प्रदेश सरकार, संघीय सरकारदेखि विभिन्न राजनीतिक नियुक्ति र संवैधानिक परिषद्मा रहेका नेपाली काँग्रेसका कार्यकर्ताह एकाएक पदबाट मुक्त हुनुपरेपछि आक्रोशित बने । त्यसैको परिणाम देउवाको राजीनामा देखि विशेष अधिवेशनको हल्लाले बजार ततायो । देउवाको छाया बनेका पौडेल पनि सरकारमा पार्टीको पहुँच गुमेपछि देउवाप्रति आक्रोशित बने । सार्वजनिक मञ्चमै देउवाको आलोचना भयो । राजनीतिक खेलाडीमा माहिर देउवा पनि केन्द्रीय समितिमा आफ्नो व्यापक विरोध हुने देखेर प्रचण्ड नेतृत्वको सरकारलाई समर्थन गरेर आफूप्रतिको विरोधलाई मत्थर बनाउन सफल भए । एकातिर आफ्नो विरोधको स्वर मत्थर हुने र अर्कातर्फ प्रचण्डलाई ललिपप देखाएर पुन सत्तासीन बनाउने अभिप्रायले चालिएको नेपाली काँग्रेसको कदमले अन्ततः लोकतन्त्र र संसद्मा विपक्षी दलको नेताको हैसियत नै गुमायो ।

प्रचण्डलाई विश्वासको मत दिएर फकाउने तर एमालेलाई एक्लाउने अभिप्रायस्वरूप प्रदेशसभादेखि एमालेले उठाएका उम्मेदवार उठेको ठाउँमा आफ्ना उम्मेदवार उठाएर एमालेसँग बदला लिने मोडमा छ । जसले गर्दा प्रचण्ड पुन फर्कनेछन् भन्ने आशा देउवा र विशेषगरी पौडेललाई छ माओवादीका उम्मेदवारलाई सर्वसम्मत बनाउने अभियान यसैको प्रारूप हो । हालै भएको प्रतिनिधिसभाको सभामुख पदका निर्वाचनमा नेपाली काँग्रेसले आफ्नो उम्मेदवार उठाएर प्रचण्डको समर्थनको आशा गर्नुले प्रचण्ड अझै पनि फर्कन सक्छन् भन्ने आशाको चित्र हो ।

नेपाली काँग्रेसले प्रचण्डलाई संसद्मा मत दिएर एमालेको विकल्पमा हामी छौं भन्ने सन्देश दिएको छ भने यसले ओलीलाई कमजोर बनाउन सकिन्छ भन्ने काँग्रेसको आँकलन छ । सभामुखमा काँग्रेसको तुरूपले काम नगरेपछि अबको खेल राष्ट्रपतिमा हुनेछ भन्ने काँग्रेसको बुझाइ हो । प्रचण्डले ओली छाडेर काँग्रेसलाई राष्ट्रपतिमा समर्थन गर्छन् भन्ने खेलमा देशी तथा विदेशी राष्ट्रहरू खेलेको खेल रंगमञ्चमा छताछुल्ल देखिन्छ।

नेपालको संसदीय व्यवस्थामा संसद्मा प्रमुख प्रतिपक्षको हैसियतसमेत लिन नसकेको काँग्रेसले कस्तो लोकतन्त्र र बलियो प्रतिपक्षको वकालत गरेको छ भन्ने कुरा अहिलेको भूमिकाले प्रस्ट पारेको छ । सातै प्रदेशमा मन्त्री र मुख्यमन्त्रीसमेत निर्वाचित भइसकेको अवस्थामा पदका लागि कतिसम्म गिर्न सक्छ भन्ने कुरा रमेश लेखकले दिएको अभिव्यक्तिले पुष्टि गर्छ । प्रमुख प्रतिपक्षी दलको हैसियतले राजनीतिक दलको बैठकमा भाग लिने, प्रचण्डको सरकारलाई विश्वासको मत दिने, सरकारलाई समर्थन गर्ने अनि राष्ट्रपतिलाई बुझाएको समर्थनपत्रमा नेपाली काँग्रेसले हस्ताक्षर गरेको छैन भन्ने विरोधाभास अभिव्यक्तिले लोकतन्त्र नै लजाएको छ । राजनीतिमा नैतिकता र इमानदारिता पनि हुनुपर्छ । जुन जीवन्त लोकतन्त्रको गहना हो। पदका लागि जे र जस्तो पनि गर्न अभ्यस्त हुन्छ भन्ने नेपाली काँग्रेसले पुष्टि गरेको छ सधैं सत्तासीन हुनका लागि जस्तो पनि खेल खेलिने प्रयत्नले नेपाली काँग्रेसलाई बलियो बनाउदैन । विश्वासको मत पनि दिने प्रतिपक्ष पनि हो भन्ने अभिव्यक्तिले नेपाली काँग्रेसलाई जनस्तरबाट नै गिराएको छ ।

समयमै गर्नुपर्ने काममा ध्यान नदिँदा काँग्रेस अन्तिम अस्त्र प्रयोग गर्दै छ प्रचण्डलाई मनाएर राष्ट्रपति पद काँग्रेसको पोल्टामा पार्न सकिन्छ कि भन्ने मनोदशामा छ । जसरी पनि सरकारलाई अस्थिर बनाएर नेकपा एमालेलाई प्रचण्डसँग टाढा बनाएर सरकारमा पुन पुग्न सकिन्छ भन्ने मृगतृष्णाको अविरल यात्रामा काँग्रेसको दृष्टि छ । प्रतिपक्ष भन्ने तर संवैधानिक पदमा हक माग्ने काँग्रेसको प्रवृत्तिले नेपाली काँग्रेस थप कमजोर बनेको छ ।

सरकार बन्नुभन्दा अघि बनेको माओवादी, एमाले, राष्ट्रिय स्वतन्त्र पार्टी, राप्रपालगायतको पार्टीका उच्चस्तरीय सम्झौताबाट पछाडि हटेर काँग्रेसलाई राष्ट्रपति दिन प्रचण्डलाई नैतिकताले दिँदैन, जुन व्यवहार राजनीतिका लागि सहज पनि हुँदैन । सरकार बनेको केही दिनमै दिइने धोकाले प्रचण्डलाई केही राहत दिएता पनि दीर्घकालीन राजनीतिक रूपमा प्रचण्ड र माओवादीलाई कदापि फाइदा दिँदैन, जुन कुरा प्रचण्डले राम्रोसँग बुझेका छन । राष्ट्रपतिमा नेपाली काँग्रेसले लगाएको आँखाले लोकतन्त्र र प्रजातन्त्रलाई नै धुमिल बनाउनेछ भन्ने कुरा काँग्रेसले बुझ्न सकेन भने आमजनता र अन्तर्राष्ट्रिय जगत्मा नै नेपाली काँग्रेसको शाख गिर्नेमा कुनै शंका छैन । प्रचण्डलाई फकाएर, धम्काएर, घुर्काएर राष्ट्रपति पद हात पार्न नेपाली काँग्रेसले केही समय अझै नांगो नाच नाच्ने नै छ ।

*राजधानी दैनिकबाट साभार ।*

## माघ महिनामा गरीने कृषि कर्मबारे जानीराखौं ।

- वर्षे आलु लगाई सक्ने बेला भयो ।
- पतझड फलफूलको काँटछाँट गरी बोर्डो पेष्ट लगाउने । हिउँदे फलफूलको बिरुवा लगाउने ।
- फलफूलको काँटछाँट गरी मल दिई सिंचाई गर्ने र फेदमा मल्चीङ गर्ने ।
- माटो परिक्षणको लागी प्रयोगशाला वा माटो शिविरमा पठाउने । मकैबाली लगाउनको लागि जमिन खन जोत गरी कम्पोष्ट मल मिलाई जग्गा तयार गर्ने ।
- कन्ये च्याउन खेती सुरु गर्ने ।

प्यू.जि.प्र.का.द.नं. : ११/०७०/०७१
जि.हु.का.द.नं. : १/०७९/०८०



झुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित समाचारमूलक पत्रिका
झुलेनी पोष्ट साप्ताहिक

# गृह मन्त्रालयको काम टेलिभिजन कार्यक्रम जस्तो होइन



गृहमन्त्री विरुद्धको अनुसन्धान प्रहरीले मात्र गर्दा विश्वासको संकट आउन सक्छ। यो विषयमा सत्य-तथ्य अनुसन्धान गर्न कुनै न्यायाधीशको अध्यक्षताको समितिलाई दिंदा उचित हुन्छ। तपाईं आफैं सक्रिय भई समिति गठन गर्न लगाउनुहोस् ।



डा. गणेश रेग्मि

यस पटक स्वतन्त्र उम्मेदवारहरू जनताका प्राथमिकतामा परे। थोत्रा नेतातर्फको वितृष्णाको कारण धेरै 'रवि लामिछानेहरू' को उदय भयो। यसैले पार्टी स्थापना गरेको करिब ६ महिनामा 'राष्ट्रिय स्वतन्त्र पार्टी' बाट प्रत्यक्षतर्फ सात र समानुपातिकतर्फ १३ जना गरी २० जना प्रतिनिधिसभाका सदस्य चुनिए।

जनमत पार्टीका सिके राउत अरुलाई सरकारमा पठाएर आफू गएनन। सरकारलाई समर्थन गरेको नागरिक उन्मुक्ति पार्टीले पनि यो लेख्ने बेलासम्म कसैलाई सरकारमा पठाएको छैन। राष्ट्रिय प्रजातन्त्र पार्टीका राजेन्द्र लिङ्देनले पनि दोस्रो चरणमा पद लिए। तर, तपाईं रवि लामिछाने 'जबर्जस्त बार्गेनिङ' का साथ सुरुमै 'उपप्रधानमन्त्री तथा गृहमन्त्री' हुनुभयो। यो कदम 'जनसेवाको जिम्मेवारी लिने' सक्रियता हो वा 'पदको आसक्ति' हेर्न बाँकी छ।देशमा शान्तिसुरक्षा, अपराध अनुसन्धान र गृह प्रशासनको 'सर्भिस डेलिभरी' चित्तबुझ्दो हुन बाँकी छ।

राज्य संयन्त्र कमजोर छ। कार्यान्वयनमा प्रशस्त कमजोरी छन। तर, तपाईंमा भने कमजोरी नहोस। तपाईं असफल हुनुभो भने 'नयाँ र युवा नेता' खोजेका नागरिकमा तुषारापात हुनेछ। तपाईंको पार्टी अर्की चुनावमा 'शून्य' मा झर्नेछ। मानौं, नाला फुटेर एक पटकको लागि मात्र बगेको खहरे। 'राज्यशक्तिको मात चढ्यो' वा 'शक्तिको झिलीमिलीमा रमाउनुभयो' भने यो निश्चित छ।

७७ जिल्लाका प्रशासन, दुईवटा प्रहरी संगठनहरू र राष्ट्रिय अनुसन्धान विभाग हेर्ने गृहमन्त्रीले देशमा केही परिवर्तन ल्याउन अवश्य सक्छ। आफ्नो राजनीतिक दलका भरौटे र चुनावमा 'लगानी गरेका व्यापारीरठेकेदार' लाई भागबिलो दिन नपर्ने तपाईंलाई काम गर्न सहज छ। तर, यो काम मीठो र आकर्षक स्वरमा टेलिभिजनमा फलाके जस्तो हुँदैन। यसै सिलसिलामा प्रहरी सेवाबाट निवृत्त पंक्तिकारका केही सुझाव छन् ।

पहिलो हो, 'मिसन' स्पष्ट बनाउने र आत्मविश्वास राख्ने। तपाईंले निश्चित गर्नुपर्ने 'मिसन र स्ट्राटेजी' गृह मन्त्रालय र प्रहरी प्रशासनसँग प्रशस्त छन। समस्या छताछुल्ल छन्, तर सीमित र व्यावहारिक प्राथमिकता छान्नुहोस। त्यसको लागि चुस्त प्रशासन र व्यावसायिक प्रहरी चाहिन्छ। त्यो बनाउने आत्मविश्वास राख्नुस। फौजी अपरेशनको सार हो, 'बाँच्नलायक त्यो छ जो तयार छ मर्नलाई।'

तपाईं आफूले निश्चित गरेको 'मिसन र स्ट्राटेजी' मा शतप्रतिशत लाग्दा कसैले तपाईंको सत्कार्यमा बाधा पुर्‍याउँछ भने त्यसलाई जनताका सामु धज्जी उडाइदिनुस। खराब काम बिल्कुल नगर्नुस। नगरी नहुने अवस्था आएमा घोषणा गरेरै पद छोड्न श्रेयस्कर हुन्छ। तपाईं अब पद र पैसाको लालच गर्नुपर्ने अवस्थामा हुनुहुन्न। समयले दिएको कुरामा पूर्ण सन्तुष्ट हुनुस् । दोस्रो, जनतालाई विश्वास दिलाउने। गृह प्रशासनको मूल जिम्मेवारी 'सुरक्षा' हो जुन जनताको मनोविज्ञानमा आधारित हुन्छ। राप्रपाका राजेन्द्र लिङ्देनले 'भ्रष्टाचार गरेर खानु आमाको रगत खाए सरह' भनेर एक हिसाबको विश्वास दिलाए जस्तो गरी जनतालाई साथमा लिनुस् । एकातिर प्रहरीको बढुवामा पैसा खान्नँ, खरिद र प्रबन्धमा कमिसन लिन्नँ, प्रहरीका माथिल्ला पद थपेर पैसा सोहोर्दिनँ, सरुवामा लालच राख्दिनँ, कुनै प्रहरी कर्मचारीलाई अन्याय परेमा सुनुवाइ हुन्छ भनेर प्रहरीको विश्वास जित्नुस्। अर्कोतिर प्रहरीलाई थप व्यावसायिक बनाउन र गलत काम गरे ठाउँका ठाउँ कारबाही हुन्छ, नेता र पार्टीको छत्रछायाँमा सात खुन माफ हुने अवस्था अब बन्द भयो भन्ने त्रास सृजना गर्नुपर्छ।

तेस्रो, नागरिकता अनुसन्धानको सन्दर्भ। तपाईंको विगतमा केही शंका हुने सन्दर्भ छन्। एउटा नागरिकताको विषय पनि हो। पाँच वर्षभन्दा बढी समय अमेरिकी नागरिक रहेको नागरिकको विषय अहिले प्रहरीले अनुसन्धान गरेको छ। गृहमन्त्री विरुद्धको अनुसन्धान प्रहरीले मात्र गर्दा विश्वासको संकट आउन सक्छ।

यो विषयमा सत्यतथ्य अनुसन्धान गर्न कुनै न्यायाधीशको अध्यक्षताको समितिलाई दिंदा उचित हुन्छ। तपाई आफैं सक्रिय भई समिति गठन गर्न लगाउनुहोस। गल्ती नगरेको तपाईं डराउनुपर्दैन। भएको रहेछ भने कार्यविधिको त्रुटि मात्र हो। सामान्य मानवीय त्रुटि मानव जीवनको एउटा पाटो नै हो। करिब २० सिट जित्ने राजनीतिक पार्टीको अध्यक्षलाई न्यायका मान्य सिद्धान्तले 'अनागरिक' बनाउँदैन, पद खोस्दैन।

चौथो, सचिव र आईजीपीलाई काम गर्न स्वतन्त्र छोडिदिनुस। तपाईंको काम 'मिसन र भिजन' दिने हो। प्रक्रियागत कुरामा नअल्झनुस। मूल्यांकन र करेक्सन भने जरुरी छ। सम्भव भएसम्म काममा मापदण्ड र नीति बनाएर मात्र गर्नुस। नीति र मापदण्ड भन्दा बाहिरको काम रोक्नुस। उदाहरणको लागि सरुवा-बढुवाको नीति र मापदण्ड बनाउन लगाउनुस्स गरेको सरुवा-बढुवामा सो मापदण्ड पूर्णरूपमा पालना भए-नभएको मात्र हेर्नुहोस् ।

काम गर्न स्वतन्त्र छोड्दा पनि उनीहरूले गरेको कामले रिजल्ट दिन नसकेमा तिनैलाई जिम्मेवार बनाउनुस। यदि सचिवले गर्न सकेनन् भने तत्काल फेर्नुस। महानिरीक्षकलाई भने सरुवा गर्न नमिल्ने भएकोले अरु कुरामा मूल्यांकन गर्नुस।

महत्वपूर्ण पदमा आसीन भएकोले नातागोता, टुटेफुटेका सम्बन्ध, साथीभाइ र मौकामा चौका हान्ने मानिसहरूले अब तपाईंलाई घेर्ने छन। लोभलालचका जालहरू सृजना हुनेछन। नहुने काम नगर्नुस । हुने काम पनि सीधै आफूले गर्ने होइन, सचिव, महानिरीक्षकमार्फत र नीति र मापदण्डभित्र रहेर गर्न लगाउनुस।

पाँचौं, प्रहरीका उच्च पदहरू थप गर्ने सम्बन्धमा। इतिहास साक्षी छ, नेपालका अधिकांश उच्च पद आवश्यकताले होइन, आफ्नालाई पोस्न थपिएका छन्। प्रहरीमा यो अभ्यास झन लाजलाग्दो छ।

मानौं, उच्च पद किन्ने वा आफैंले ल्याउने जस्तो। कार्यालय संरचना र कर्मचारी संख्या उही हुँदाहुँदै नेतृत्व गर्ने पदको मात्र बढुवा हुने र सोही स्थानमै खटिने। पैसाको पोको बुझेर उच्च पदको संख्या थपिएका छन। कतिपयले व्यक्तिगत लहड र सनकमा उच्च पदका संख्या एक्कासी कटौती गरेका छन। फेरि निर्लज्ज 'युटर्न' भई स्वार्थकै कारण फेरि थपेका छन्। प्रहरी समायोजन ऐन, २०७६ को दफा २० अनुसार अन्य कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि प्रहरी समायोजन गर्ने प्रयोजनदेखि बाहेक अन्य कुनै पनि कारण प्रहरीमा नयाँ पद थप गर्न, सृजना गर्न र बढाउन मिल्दैन।

यसका बाबजुद कांग्रेस, एमाले दुवैले थपे। तिनै पार्टीका गृहमन्त्री भएको भए अहिले पनि कानुनलाई धोती लगाइन्थ्यो। अब तपाईंलाई पनि प्रभाव र दबाव पारिन्छ, तर तपाईं नचुक्नुहोला। अहिले पद थप्ने, घटाउने भन्दा पनि प्रहरी समायोजनलाई प्राथमिकतामा राख्नुहोला।

छैटौं, प्रहरीलाई घरेलु कामदार बनाउन रोक्ने सम्बन्धमा। हालै तपाईंले सो रोक्नको लागि आदेशरपत्राचार गरेको जानकारी आयो। हरेक मन्त्रीले सुरुमा यो चर्चा चलाउँछन। केपी ओली प्रधानमन्त्री भएको बेलामा यो प्रयास उहाँले नै गर्नुभयो। करिब दुई तिहाइ बहुमत प्राप्त प्रधानमन्त्रीको प्राथमिकताले त उपलब्धि दिएन भने तपाईंको यो प्रयास केवल कर्मकाण्डी मात्र हुनेछ । 'काले काले मिलेर खाऊँ भाले' भन्नका लागि अब तपाईंका श्रीमती, ससुराली, नातेदार र चेला चपेटाकहाँ पनि गाडी, ड्राइभर, भान्से सुविधा पुर्‍याइनेछ। अन्ततः तपाईं लोभिनुहुन्छ र चुप हुनुहुन्छ। राम्रोसँग बुझ्नुहोस, अधिकांश राजनीतिक व्यक्ति र तपाईंका मन्त्रालयका र प्रहरीका अधिकांश नेतृत्वले यो दुरूपयोग निरन्तर गर्दै आइरहेका छन। यसमा राख्ने र बस्ने दुवैको स्वार्थ जोडिन्छ। अधिकांश तल्ला कर्मचारी पनि यसैमा रमाउँछन। किनकि यसो गर्दा कार्यक्षेत्रको दुःख भोग्नै पर्दैन। मिठोमसिनो खान पाइन्छ। रासन जोगिन्छ। व्यक्तिगत र पारिवारिक काम हेरेपछि भविष्यको लागि 'गडफादर' मिल्छ। बढुवा पाइन्छ अनि 'युएन मिसन' जस्ता अवसर पाउने संभावना बढ्छ। त्यो कसैको घरमा बस्ने कर्मचारी पनि कामचोर र भाइमारा हो, किनकि उसको अभावले गर्दा दरबन्दीका साथीले खप्टेर थप ड्युटी गर्नुपर्छ। यो समस्या समाधान हुनै सक्तैन भन्ने होइन। तपाईंले मात्र गर्न सक्नुहुन्न। एक जनालाई पक्राउ गर्न आदेश दिएको भन्ने विषयमा विज्ञप्ति निकाल्न परेको अवस्था बुझ्नुहोस् ॥ तर, अख्तियारलाई कन्भिन्स गराउन सक्नुभयो र अख्तियारको सहयोग लिन सक्नुभयो भने मात्र सक्नुहुन्छ।

सुरक्षा कार्यविधि, २०७७ ले सुविधा पाउने भीआईपी र उनीहरूलाई दिइने सुविधा किटान गरेको छ। त्यो विवरण लिनुस। त्यसमा किटान गरेदेखि बाहेक कुनै पनि राजनीतिक व्यक्ति, कर्मचारी र अन्य व्यक्तिले ड्राइभर, भान्से, गार्ड, पीएसओ, घर सुरक्षा आदि राखेको छ भने त्यो बस्ने कर्मचारी, त्यसलाई पठाउने हाकिम र त्यो राख्ने कथित व्यक्तिलाई कारबाही गर्न अख्तियारलाई अनुरोध गर्नुस। तपाईं मन्त्रीस्तरको लिखित निर्णय गरेर अख्तियारलाई गुहार्नुस। अनि बल अख्तियारको कोर्टमा जानेछ। बहालवाला कर्मचारीको हकमा भने केही विचार गर्नुपर्छ।

कर्मचारीको दुरूपयोग भएको बारेमा सूचना लिनको लागि गृहबाट आदेश वा पत्राचार गरेर हुँदैन। कसले दुरूपयोग गरेको छ भन्ने बारेमा सूचना लिन 'ड्यूटी खप्टिएर' थप कार्यभारमा परेका सहकर्मी कर्मचारी, दुरूपयोग गर्ने व्यक्तिका छिमेकी, नातेदार ९ईर्ष्या गर्ने०, पत्रकार र अन्य सचेत नागरिकलाई अनुरोध गर्नुस् ॥ सही सूचनालाई पुरस्कारको व्यवस्था गर्नुस। प्राप्त जानकारी अख्तियारलाई दिनुस, अनि अख्तियारले दुवैलाई कारबाही गर्छ। यसबाट सुधार पनि हुन्छ र तपाईं 'डबल स्ट्याण्डर्ड' हुनबाट जोगिनुहुन्छ। नपाउनेले सुविधाको दुरुपयोग गरे जस्तै पाउने 'भीआईपी' ले पनि त्यसको दुरूपयोग गरेका छन। कुनै पनि 'पीएसओ' वा सुरक्षाकर्मीलाई निरन्तर दुई वर्षभन्दा बढी एकै ठाउँमा नराख्ने कार्यविधि छ। तर पालना कहिल्यै हुँदैन। किनकि त्यसरी जाने 'पीएसओ' वा सुरक्षाकर्मीले भीआईपीको घरव्यवहार, राजनीतिक र अन्य व्यक्तिगत काममा सघाइदिन्छ। अन्ततः भीआईपी पठाउन र कर्मचारी फर्कन चाहँदैनन।

यसैले सुरक्षा नीति बमोजिम दुई वर्षभन्दा बढी कुनै पनि पीएसओलाई एउटै स्थानमा बस्न नदिनुस। यो चाहिं तपाईंले तत्काल गर्न सक्ने देख्छु। प्रहरी र गृह प्रशासन सुधारका लागि गर्नुपर्ने कुरा प्रशस्त छन् । सबै सुझावहरू यहाँ लेख्न सम्भव हुँदैन। प्रहरी सुधार सुझाव आयोग ९शाही आयोग० २०५५, सुरक्षा निकाय आधुनिकीकरण उच्चस्तरीय कार्य दलको प्रतिवेदन (संग्रौला प्रतिवेदन) २०६५, प्रशासन पुनःसंरचना आयोग अन्तर्गत नेपाल प्रहरी सुधार सुझाव कार्यदलको सांगठनिक एवं पुनःसंरचना सम्बन्धी प्रतिवेदन (बराल आयोग) २०६६, नेपाल प्रहरीको पुनर्संरचना अध्ययन समिति (कुवेर राना आयोग) २०७३ जस्ता सरकारले गठन गरेका आयोग लगायत गृह मन्त्रालय र प्रहरी संगठनका विभिन्न अनुसन्धान प्रतिवेदनको सारांश मात्र हेरे हुन्छ। प्रहरी बढुवाबारे मैले नेताहरूलाई निवेदन गर्दै लेखेको थिएँ। ('प्रहरी बढुवाबारे नेताहरूलाई निवेदन।' यो पनि तपाईंको लागि सन्दर्भसामग्री बन्न सक्छ।

मुख्य कुरा हो, तपाईं आफू शक्तिशाली भई उचित तरिकाले काम गर्नुपर्‍यो। तपाईं शक्तिशाली हुन सक्नुहुन्न भने शक्तिशाली प्रणाली बनाएर उचित तरिकाले काम हुने अवस्था सृजना गर्नुस। यसैले नीति, मापदण्ड र यसको पालना गर्न गराउन जरुरी हुन्छ। यसको लागि सम्बन्धित व्यक्ति, समूह र कर्मचारीसँग भेटघाट, छलफल र अन्तरक्रिया गर्नुहोस। प्राप्त सुअवसर गुम्न नदिनुस। तपाईंलाई गृहमन्त्री पाउनु हाम्रो भाग्य हुन पुगोस । तपाईंमा मर्ने डर हुनुहुँदैन। गृह मन्त्रालय तपाईंको पूर्ण कमाण्डमा हुनुपर्छ। आफ्नो जीतको आवश्यकता प्रमाणित गर्न सक्नुहोस। तपाईंको यो यात्रा उप( प्रधानमन्त्रीबाट प्रधानमन्त्रीसम्म पुग्न सकोस। शुभकामना।

(लेखक पूर्वप्रहरी अधिकृत र हाल कानुन प्राध्यापक हुन् ।) *अनलाइन खबरबाट*

## सडक डिभिजन कार्यालय प्यूठानको सुचना

प्रस्तुत विषयमा सडक भिभिजन कार्यालयको कार्यक्षेत्र भित्र पर्ने भालुवाङ-चकचके सडक खण्ड अन्तर्गत NH-53 को चेनेज ३७+००० देखि ३८+००० कि.मि. खण्डमा मिति २०७९ पुस २८ गते देखि अर्को सुचना नहुँदा सम्मको लागि सडक बिस्तार गर्न गइरहेको हुँदा तपसिलको समयमा सडक बन्द रहने सूचना सम्बन्धित सबैमा सादर अनुरोध गरिन्छ ।

**तपसिल** :

१) **स्थान** : भालुवाङ-चकचके सडक खण्ड

२) **चेनेज** : ३७+००० ३८+००० कि.मि.

३) **सडक बन्द हुने समय** :
बिहान ११:०० देखि बेलुका ५:०० बजेसम्म

४) **सडक खुल्ने समय** :
बिहान ८:०० देखि ११:०० बजे र
बेलुका ५:०० देखि ९:०० बजेसम्म

**अनुरोधक**
**सडक डिभिजन कार्यालय, प्यूठान**


## समाचार

# गुल्मी अस्पतालमा डाक्टर टिकाउन तलव बरावरको प्रोत्साहन भत्ता

**झुलेनी पोष्ट**
**प्यूठान**

गुल्मी । रेसुङ्गा नगरपालिकाले नेपाल सरकारले उपलब्ध गराउने तलब बमोजिम प्रोत्साहन भत्ता उपलब्ध गराएर सेवा दिन थालनी गरेको छ । पहाडी अस्पतालमा डक्टरहरु पनि आउन नमान्ने भएकाले जिल्लामै हाडजोर्नी विशेषज्ञ सेवा दिन रेसुङ्गा नगरपालिकाले पनि प्रोत्साहन भत्ता उपलब्ध गराएर सेवा दिन थालेको नगरप्रमुख खिलध्वज पन्थीले बताए। पहाडी अस्पतालहरुमा बिशेषज्ञ डक्टरहरु आउन नमान्ने र आइहाले धेरै समय नबस्ने भइरहेपछि रेसुङ्गा नगरपालिकाले प्रोत्साहन र आवश्यक उपकरण पनि खरिद गर्ने गरेको छ । गुल्मी अस्पतालमा हाडजोर्नी बिशेषज्ञ डा. प्रदीप सिवाकोटीको टोलीले सेवा दिन थालेको छ ।



हाडजोर्नी उपचारको क्रममा अप्रेशनका लागि आवश्यक सी-आरएम मेसिन रेसुङ्गा नगरपालिकाले खरिद गरेको छ। पुनः गुल्मी अस्पतालमा स्त्रीरोग बिशेषज्ञ डाक्टरको पनि सेवा थप भएको छ । त्यस्तै अस्पतालमा अर्का मेडिकल जनरलिष्ट डक्टर पनि थप भएका छन। जिल्लामा स्त्रीरोग बिशेषज्ञ डक्टरहरुको अभावमा सेवा लिन पाल्पा बुटवल जानुपर्ने बाध्यता थियो। त्यसको अत्यका लागि गुल्मी अस्पतालमा स्त्रीरोग बिशेषज्ञ डाक्टर थप गरिएको गुल्मी अस्पतालमा अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा उत्तम पच्याले बताए । गुल्मी अस्पतालमा स्त्रीरोग बिशेषज्ञ सेवा दिन डा.सोफिया थापा आएकी छन। त्यस्तै जिल्लामा स्त्रीरोग बिशेषज्ञ डक्टरको अभावमा कैयौं बिरामी पाल्पा बुटवल जानुपर्ने बाध्यतालाई अत्य गर्न रेसुङ्गा नगरपालिका नगरप्रमुख खिलध्वज पन्थी र गुल्मी अस्पतालमा अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. उत्तम पच्याले पहल गरेका थिए ।

सोही अनुसार जिल्लामा धमाधम विशेषज्ञ डक्टरहरु थप हुँदै जान थालेका छन । गुल्मी अस्पतालमा आएका स्त्रीरोग बिशेषज्ञ डक्टर डा। सोफिया थापा र मेडिकल जनरलिष्ट डा। नरमा छन्त्याललाई रेसुङ्गा नगरपालिकाले सम्मान गरेको छ। उनीहरुको काम गर्ने मनोबललाई थप हौसला प्रदान गर्न नगरपालिकाले सम्मान गरेको नगरप्रमुख खिलध्वज पन्थीले बताए । उनले गुल्मेली नागरिकलाई सेवा दिने क्रममा नम्र व्यवहारले भरपुर सेवा प्रदान गर्न आग्रह गरे । गुल्मी अस्पतालाई आम नागरिकको मेरो अस्पताल हो भन्ने भावना जगाउन थप स्तरीय सेवाका लागि रेसुङ्गा नगरपालिकाले सधै सहकार्य गर्ने नगरप्रमुख पन्थीले बताए । अब केहि दिनमै गुल्मी अस्पतालबाट मृगौला पिडितहरुको डाइलाइसिस सेवा पनि थप गरिने पन्थीले बताए । गुल्मी अस्पतालमा बिशेषज्ञ डक्टर हरुको थप हुनु जिल्ला वासीको लागि खुसीको कुरा रहेको गुल्मी अस्पतालमा अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा। उत्तम पच्याले बताए ।

सबै आम नागरिकको सहयोगले नै गुल्मी अस्पतालको सेवालाई थप प्रभावकारी बाउनदै लगिने पच्चाले बताए । अब गुल्मी अस्पतालमा तीन जना मेडिकल जर्नालिष्ट डक्टरहरु भएका छन । जसले दैनिक चाप रहेको गुल्मी अस्पतालको सेवामा थप सहजता ल्याउने गुल्मी अस्पतालका अध्यक्ष भरत पाण्डेले बताए । भौतिक संरचनाको अभावले समस्या झेल्दै आएको गुल्मी अस्पतालको अत्याधुनिक भवन बन्न थालको छ । ०७१ सालमा ५० शैयामा स्तरवृद्धि भएको थियो तर भौतिक संरचनाको अभावमा पूर्ण रुपमा कार्यान्वयनमा आउन सकेको छैन ।

### गर्जेनी दुर्घटनाको .....

बजेसम्म सवारी आवागमन पूर्णरुपमा बन्द गरेर सडक बिस्तारको काम भइरहेको छ । भीरको चट्टान काटेर चार मिटर चौडा रहेको यो सडक खण्ड अब ८ मिटर फराकिलो प्रमुख चन्दले जानकारी दिए ।

प्यूठान र रोल्पा प्रवेश गर्ने मुख्य सडक भालुबाङ प्यूठान सडक खण्डमा दैनिक सवारी चाप बढ्दो छ । मालवाहक र यात्रुवाहक सवारी चाप बढेपनि स्तरोन्नति र सडक विस्तारमा सरोकारवाला मौन रहेका थिए । गर्जेनी दुर्घटनाको लामो समय बितिसक्दा बल्ल यहाँको घुम्टि काट्न लागिएको हो । २०६१ माघ ८ गते विजुवार टारीको गाउँ नै रित्तिने गरि जन्ति बस दुर्घटनामा ४१ जनाको ज्यान गएको थियो । बारम्बार दुर्घटना हुने क्षेत्रमा पर्ने घुम्टी समेत फराकिलो बनाउने काम भएको थिएन । दाङको भालुबाङ देखि प्यूठानको चकचकेसम्म ४५ किलोमिटर सडक क्षेत्र धेरै साँघुरो र अप्ठ्यारो छ । यही क्षेत्रमै बारम्बार दुर्घटना हुने गरेको छ । दुइ जिल्ला प्रवेश गर्ने यो सडकमा दैनिक ३ हजार भन्दा बढी सवारी ओहोर दोहोर हुने गर्छन्। उपभोग्य वस्तु ओसार पसार गर्ने सवारी साधन यही खण्ड भएर दुइ जिल्लाको लागि भित्रिदै आएका छन् । २०६५ सालमा कालोपत्रे भएको सडक साँघुरा भई ट्राफिक जाम धान्न नसक्दा विस्तार र स्तरोन्नति गर्ने कार्यमा ढिलाई हुँदै आएको थियो। जिल्लाबाट चुनढुगा बोकेर हिड्ने दश चक्के ट्रिपरका काराण सडक जिर्ण बन्दै गएको छ । 'लुम्बीनी प्रदेशको राजधानी भालुबाङ पुग्न धेरै जिल्लालाइ यो सडक पायक पर्ने भएपनि सिङ्गल लेनले सहजै सवारी चाप धान्न सक्ने स्थिती रहेको छैन ।


## नगरपालिकाबासीलाई अनुरोध

१) जन्म, मृत्यु, बसाईसराई, बिवाह दर्ता जस्ता घटना ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा दर्ता गरौं ।
२) मालपोत लगायतका दस्तुर समयमै बुझाई जिम्मेवार नागरिक बनौं ।
३) कृषिमा आत्मनिर्भर, पशुपालनमा युवा सहभागिता बढाएर स्वरोजगार बनौं ।
४) आफ्नो सन्तानलाई सक्षम एवम् शिक्षित बनाउन विद्यालय पठाऔं।
५) गाउँ टोलको विकास निर्माण कार्यमा सहभागिता जनाऔं।
६) बाँझो जमिन उपयोग गरी खाद्यान्न संकट हटाउनुमा जोड दिऔं ।
७) रुख, बिरुवा बृक्षारोपण गरी वातावरण हरीयाली बनाऔं।
८) पूर्ण सरसफाई तथा हिंसा मुक्त समाज निर्माणमा सहयोग गरौं ।
९) आर्थिक कार्यमा महिला सहभागितामा जोड दिऔं ।
१०) बाल बिवाह रोकौं, छोरीको उज्वल भविष्यको लागि आजैदेखि सोचौं ।
११) लैंङ्गिक हिंसाको विरोध गरौं । ज्येष्ठ नागरिक, एकल महिला एवम् अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरिने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खवरदारी गरौं ।
१२) पालिकाबाट इजाजत लिएर मात्र घर निर्माण तथा व्यवसाय सञ्चालन गरौं ।

**अनुरोधक :**
**प्यूठान नगरपालिका,**
नगर कार्यपालिकाको कार्यालय, विजुवार प्यूठान



## जाडोको समयमा चिसोबाट बचौं

-जाडोबाट बच्न तातो, पौषिलो तथा झोलिलो खानेकुरा खाऔं,
-न्यानो कपडा लगाऔं,
-घर तथा कोठा न्यानो बनाऔं,
-कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
-बालबालिकालाई तेल मालिस गरिदिऔं,
-बढी चिसोमा मर्निङ वाक नगरौं,
-चिसोमा बाहिर हिंड्दा बाक्लो कपडा लगाऔं,
-दैनिक घाम ताप्ने गरौं ।

**अनुरोधक : स्वास्थ्य कार्यालय प्यूठान**

झुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित समाचारमुलक पत्रिका | झुलेनी पोष्ट साप्ताहिक

# राजनितीककर्मी भन्दा खेलाडिले देश चिनाउँछन्

**झुलेनी पोष्ट**
**प्यूठान**

राजनैतिककर्मी भन्दा खेलाडीले देश चिनाउने प्रतिनिधी सभा सदस्य सुर्य थापाले बताएका छन्। बुधबार सरुमारानी गाउँपालिका प्यूठानले आयोजना गरेको दोस्रो अन्तर विद्यालय स्तरीय राष्ट्रपती रनिशिल्ड प्रतियोगिताको उद्घाटन कार्यक्रममा थापाले खेलकुद क्षेत्रले अनुशासन, लगनशिल तथा स्वस्थ रहन पनि मदत गर्ने भन्दै खेलाडीलाई राम्रो खेल प्रदर्शन गर्न अग्रह समेत गरेका थिए।

साथै थापाले गाउँपालीकाले बनाएको खेलमैदान थप व्यवस्थीत गरी प्रदेशस्तरका खेल खेलाउनमा मैदान व्यवस्थीत गर्न समेत गाउँपालिकालाई





आग्रह गरेका छन्। प्यूठानबाट निर्वाचित भएपछि पहिलो पटक औपचारिक कार्यक्रममा सहभागी रहेका थापाले थापाले विकासका काममा सवैको सहकार्य हुन जरुरी रहेको समेत बताए । साथै थापाले राजनीतिले नयाँ कोर्ष लिएको भन्दै अब जनताका आवश्कतालाई थप जिम्मेवारी भएर लाग्ने बताएका छन । सरुमारानी गाउँपालिकाले पनि खेल क्षेत्रलाई महत्वका साथ हेरेको गाउँपालिकाका अध्यक्ष भग बहादुर विश्वकर्माले बताए । कोभिडका कारण रोकिएका खेलहरु अब निरन्तर संचालन गर्ने पनि उनको भनाई छ। सरुमारानी गाउँपालिकामा रहेका बिभिन्न विद्यालयमा अध्यनरत विद्यार्थीहरु बिभिन्न विधानमा भाग लिएका थिए।

# महोत्सव आयोजना गर्न सर्वपक्षिय भेला

**झुलेनी पोष्ट**
**प्यूठान**

प्रदेश स्तरीय स्वर्गद्वारी प्यूठान पाँचौ महोत्सव २०७९ तयारीको लागि सर्वपक्षीय भेला बुधबार होटल आयुष्मा जुम्रीमा सम्पन्न भएको छ । जिल्लाका विभिन्न तहमा रहेका सरोकारवालाहरु सँगको उपस्थितिमा महोत्सवलाई कसरी गर्दा उत्तम हुन्छ भन्ने विविध विषयमा छलफल भएको हो । छलफलमा बोल्ने वक्ताहरुले पहिलो प्राथमिकतामा समय निर्धारणको बिषयलाई उठाएर सवाल जवाफ गरेका थिए ।

विगतका समयमा भएका महोत्सवले प्यूठानी जनतालाई के उपलब्धी दियो ? बिजुवार फाटँमा रहेको गणतान्त्रिक खेलमैदान नाममा मात्र सिमित हुँदा अस्तव्यस्त रहेको ? उद्योग बाणिज्य संघले महोत्सवको आयोजना गरिसकेपछि पनि लामो समयसम्म आयव्य सार्वजनिक सुनुवाई नगर्नेनगरेको, सबै किसानहरुलाई प्रोत्साहन गर्न सके उत्पादन बढाउन सहज हुने जस्ता बिषयहरुमा गुनासो तथा सुझाव दिएका थिए । लुम्बिनी प्रदेश सभा सदस्य तुलसीराम शर्माले विगत देखी नै सुरु भएको महोत्सवले जिल्लाको विकास र समृद्धिमा



पहल गरिरहेको बताएका छन् । प्रदेश स्तरीय स्वर्गद्वारी प्यूठान पाँचौ महोत्सव २०७९ तयारीको लागि सर्वपक्षीय भेलालाई सबोधन गर्ने क्रममा उनले यस्तो बताएका हुन् । उनले भने, कुनै पनि कामलाई पछि नहटाई सबै पक्षलाई समेटेर अगाडी लिएमा बिकासको संभावना बोकेको छ। नकरात्मक कुरालाई मिचेर सकारात्मक तर्फ लाग्न आग्रह गर्दै जिल्लाका स्थानीयले सोचेजस्तो राम्रो कामको संदेश महोत्सवले दिन सकोस भनि अनुरोध समेत गरे ।

सुझाव तथा गुनासोको जवाफ दिदै प्यूठान उद्योग बाणिज्य संघका प्रमुख पशुपति नारायण नकर्मीले हुन लागेको पाँचौ महोत्सव २०७९ को कार्यसम्पादन प्रस्तुत गरे। कार्यसम्पादनमा उनले गौतम बुद्धको जन्मस्थानको नामबाट नामाकरण गरिएको लुम्बिनि प्रदेश भित्र रहेका स्वर्गद्वारी लगायतका मुख्य पर्यटकिय क्षेत्र र सहायक पर्यटकिय क्षेत्रहरुको प्रचारप्रसार, स्वदेशी उद्योगबाट उत्पादित बस्तुहरु तथा उपकरणहरु, घरेलु तथा लघु उद्यमका उत्पादनहरु, यस जिल्लामा रहेका औधोगिकिकरण कच्चा पदार्थ, जडिबुटी, नेपाली कागज, मह, हर्बल साबुन, अल्लोबाट उत्पादित बस्तुहरु लगायतका स्थानीय उत्पादन राष्ट्रिय तथा अन्तराष्ट्रिय उद्योगहरुका उत्पादन समेतको प्रदर्शन हुने बताए। प्यूठानमा उत्पादित बस्तुहरुलाई बढि प्राथमिकतामा राख्ने समेत बताएका छन् । खेलकुदको बारेमा बुझेको र आफुलाई चासो रहेको भन्दै उहाँले खेलकुदको बिषयमा आफु पछि कहिल्यै नहट्ने बताएका हुन् ।

जिल्लाका सबै क्षेत्रका सरोकारवाहरुको महोत्सव भएकाले संघले महोत्सव सम्पन्न भएको एक महिना भित्रमा आयव्यको विवरण सार्वजनिक गर्ने नकर्मीले बताए ।

# दिहाल्नामा खेलकुद तथा पर्यटन महोत्सव हुने

**झुलेनी पोष्ट**
**प्यूठान**

प्युठानको झिमरुक गाउँपालिका अन्तर्गत पर्ने लालिगुरास रंगशाला दिहाल्नामा दिहाल्ना खेलकुद तथा पर्यटन महोत्सव २०८० संचालन गरिने भएको छ ।शुक्रबार दिहाल्नामा भएको तीन पालिकाको अन्तरक्रिया कार्यक्रमले झिमरुक,नौबहिनी र गौमुखी गाउँपालिकाको संयुक्त आयोजनामा आगामी बैशाख १ गते देखि ७ गते सम्म दिहाल्ना खेलकुद तथा पर्यटन महोत्सव संचालन गर्ने निर्णय भएको झिमरुक गाउँपालिकाका अध्यक्ष पित बहादुर महतरा क्षेत्रीले जानकारी दिए ।

उनका अनुसार तीन पालिकाको संगम स्थलमा निर्माणाधीन लालिगुरास रंगशाला क्रिकेट मैदानलाई प्रदेश स्तरीय रंगशाला निर्माण गर्न प्रदेश र संघ सरकारलाई तिनवटै स्थानीय तहको संयुक्त पहलम योजना माग गर्ने सहमति भएको बताए। दिहाल्ना पर्यटन पुर्वाधार बिकासको लागि झिमरुक (७ र ८, वडाको दिहाल्ना र हलहले गौमुखी (६, वडाको दिहाल्ना, बुक्तीचौर र नौबहिनी (६, वडा लुड्को बिकुटा थाम, हलहलेलाई समेटेर खेलकुद तथा पर्यटन पुर्वाधार निर्माण गर्न तिनैवटै पालिकाले आफ्नो प्रतिबद्धता जनाएका छन्।

दिहाल्ना पर्यटन पुर्वाधार निर्माण गर्न संयुक्तरूपमा विस्तृत गुरुयोजना डिपिआर तयार गर्ने समेत सहमति भएको छ । दिहाल्ना खेलकुद पर्यटन बिकास कार्यक्रमका संयोजक गोबिन्द गिरीले कार्यक्रममा लालिगुरास रंगशाला खेलकुद मैदानको पुर्वाधार बिकास र यस क्षेत्रको दीर्घकालीन रुपमा पर्यटन बिकस गर्ने उदेश्य बारे अन्तरक्रिया कार्यक्रममा जानकारी गराएका थिए । दिहाल्नामा पर्यटनको प्रचुर सम्भावना भएकोले यहाँको बिकासमा सहयोग गर्न तिनै तहका स्थानीय सरकारका प्रमुखहरुलाई संयोजक गिरीले आग्रह गरेका थिए । तिनवटै पालिकाका अध्यक्ष र उपाध्यक्षहरुले यहाँको पर्यटन बिकासको सबै सम्भावनाहरुको पहिचान गरि आवश्यकताको आधारमा हातेमालो गरेर अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गरेको वडा अध्यक्ष तुलस बहादुर बस्नेतले बताए।

झिमरुक गाउँपालिका वडा नम्बर ८ का वडा अध्यक्ष तुलस बहादुर बस्नेतको अध्यक्षतामा भएको कार्यक्रममा झिमरुक गाउँपालिकाका अध्यक्ष पित बहादुर महतरा क्षेत्री, उपाध्यक्ष प्रमोद पोखेल, नौबहिनी गाउँपालिका अध्यक्ष दिल बहादुर थापा, उपाध्यक्ष बिष्णा थापा र गौमुखी गाउँपालिका अध्यक्ष बिष्णु कुमार गिरी, उपाध्यक्ष महाबिर राना नौबहिनी गाउँपालिका वडा नम्बर ४ र ६ का वडा अध्यक्षहरु भिम बहादुर घर्ती, मान बहादुर के.सी.,त्यस्तै गौमुखी गाउँपालिका वडा नम्बर ६ का वडा अध्यक्ष चन्द्रबहादुर खत्री र पालिकाका प्रमुख प्रशासकीय अधिकृत वडा सदस्यहरु स्थानीय जनता लगाएतको उपस्थिति रहेको थियो ।

## छोटकरी

# भतेरचौरमा पिकनिक प्रतिक्षालय उद्घाटन

प्युठानको मल्लरानि गाउपालिका ४ प्रयटकिय स्थल भतेरचौरमा लायन्स कलब अफ प्युठानले निमार्ण गरेको पिकनिक प्रतिक्षालय माघ ७ गते क्लवद्वारा आयोजना गरिएको पारिवारिक बनभोज कार्यक्रम तथा प्रतिक्षालय उद्धाटन कार्यक्रममा रिबन काटेर मल्लरानि गाउपालिका अध्यक्ष कृष्ण खड्काले उद्धाटन गरेका हुन। उद्धाटन गर्दै खड्काले प्युठानमा हरेक समस्या परेका



बखत प्युठानिहरु एक जुट भएर समस्या समधान गरेका कैयौ उदारण सुनाउदै लायन्स क्लब अफ प्युठानले एक करोड अठार लाखको डायलसिस मेसिन प्युठान अस्पतालमा जडानका लागि स्विकृत सम्झौता गरि लिएको हुदा जडानमा लाग्ने खर्च तथा ब्यबस्थापनमा जिल्लाका नौ ओटै स्थानिय तहले सहयोग गर्ने बताएका छन। खड्काले लायन्स क्लब अफ प्युठानले भतेरचौरमा निमार्ण गरेको पिकनिक प्रतिक्षालयको संरक्षण तथा थप ब्यबस्थित बनाउन गाउपालिकाले आबश्यक बजेट बिनियोजन गर्ने समेत बताउदै क्लवका पदाधिकारिलाई सार्वजनिक सम्पदा निर्माण तथा संरक्षण गरेकोमा क्लवको प्रगतिको शुभकामना दिएका थिए। लायन्स डाक्टर भिमसेन गिरिले प्युठान जिल्लामा क्लव स्थापना भए लगत्तै आखाका बिरामिहरुको उपचार गरेको हजारौं आखाका रोगिहरुको निशुल्क आखा परिक्षण गरेको, जिल्लामा दादुरा रुबेला रोगका बिरुद्व उल्लेखनीय कार्य गरेको तथा बिभिन्न बेला बखतमा आईपरेका बिपतको समयमा पिडितलाई राहत तथा उद्वार गरेको बताए।

कार्यक्रममा बोल्दै प्युठान नगरपालिका निवर्तमान नगर प्रमुख अर्जुनकुमार कक्षपतिले लायन्स क्लब प्युठानमा थप बिस्तार गरि ९ ओटै स्थानियतहमा गठन गर्न सहयोगि मनसमक्ष अनुरोध गरेका छन। साथै उनले प्युठान नगरपालिका एक खैरामा रहेका २५ जना सुस्त मनस्थिति भएका बालबालिकाहरुका लागि न्यानो उपलब्ध गराउने बताए । क्लबले सामाजिक कार्य गर्दा दिनप्रतिदिन युवाहरु सदस्यीय लिने र समाजसेबामा लाग्ने गरेको बताए साथै सोहि कार्यक्रममा बिशेक थापा, गिरिराज भन्डारी, प्रशुन श्रेष्ठ र अशोक श्रेष्ठले लायन्स क्लब अफ प्युठानको सदस्यता लिएका थिए।

लायन्स क्लव अफ प्युठानका अध्यक्ष मिनबहादुर कुवरको अध्यक्षतामा सुरु भएको कार्यक्रमको संचालन नबिन श्रेष्ठले गरेका हुन। लायन्सका पुर्व अध्यक्ष शिबराज श्रेष्ठ, मल्लरानि ग्रामिण बिकास सरोकार केन्द्रका अध्यक्ष बसन्तलाल श्रेष्ठ, तुलसिराम रिजाल, लगायतले क्लवले गरेका योगदानको बिषयमा चर्चा गरेका थिए।

# जुम्रि बसपार्क व्यवस्थित गरिदै

जिल्लाको सबैभन्दा पुरानो बस पार्कको रुपमा रहेको जुर्मी वसपार्क व्यवस्थित बनाउन थालिएको छ । बसपार्कमा काउन्टर निमार्ण भएपनि धेरै समयसम्म संचालनमा नआएपछि स्थानीय व्यवसायीहरुको पटकपटकको विरोध तथा आन्दोलनले केही महिना अधिदेखी संचालनमा आएको थियो । बसपार्क संचालनमा आएसँगै पूर्णरुपमा व्यवस्थित बनाउने भन्दै बसपार्क परिसरमा सडक ढलान कार्य सुरु भएको छ । प्युठान नगरपालिका वडा नं.३ का वडा अध्यक्ष सुमन राज श्रेष्ठका अनुसार स्थानीयवासी र बसपार्क व्यवस्थापन समितीको मागलाई मध्यनजर गर्दै वडा नं.३को कार्यालयले प्रदेश सरकार समक्ष बजेट माग गरेको थियो। वडा कार्यालयको मागलाई सम्बोधन गर्दै प्रदेश सरकारको सघन तथा सहरी बिकास मन्त्रालयले दुइ पटक गरि करिब २४ लाख बजेट विनियोजन गरेको अध्यक्ष श्रेष्ठले जानकारी दिए । उक्त बजेट मार्फत बसपार्क ढलानकार्य तिब्र गतिमा भईरहेको छ ।

# तालिमलाई व्यवहारिक बनाउन योगीको आग्रह

प्युठान नगरपालिकाका प्रमुख विष्णु बहादुर योगीले तालिमलाइ तालिममा मात्र सिमित नबनाई व्यवहारमा उतार्न आवश्यक रहेको बताए । प्युठान नगरपालिकाले आयोजना गरेको ३ दिने बाख्रापालन कृषक तालिमको समापन कार्यक्रममा उनले यस्तो कुरा बताएका हुन् । साथै उनले कृषकहरुलाई पुर्णरुपमा ब्यवसायिक तथा कृषिमा आत्मनिर्भर बन्ने उदेश्यका साथ ब्यवसाय गर्न आग्रह गरे । उनले नगरपालिकाले आगामी दिनमा पनि त्यस्ता खालका कार्यक्रमहरु संचालन गर्ने सहभागिहरु समक्ष प्रतिवद्धता व्यक्त गरेका छन् । तालिमको प्रशिक्षकको रुपमा रहेका प्यूठान नगरपालिका पशु सेवा शाखा प्रमुख गिरिराज पौडेलले कृषकहरुले व्यवसायिक रुपमा बाख्रा पालेकाहरुलाई नगरपालिकाले अनुदानका कार्यक्रमहरु उपलब्ध गराउने बताए । व्यवसायिक तरिकाले बाख्रा पालन गर्न सक्ने र इच्छुक कृषकहरुको आवश्यकता र मागअनुसार कार्यक्रम संचालन गर्ने बताएका छन् ।

# अब एचआईभीको जोखिम छैन ?

*एचआईभी पोजेटिभलाई एउटा भयानक संक्रमणको रुपमा लिइएको थियो। संक्रमित व्यक्तिसँगको असुरक्षित यौन सम्बन्धबाट सर्ने यो रोगलाई 'प्राणघातक' भनी व्याख्या गरिन्थ्यो । त्यसैले सामान्य यौनजन्य रोग लाग्दा पनि मान्छे 'एचआईभी संक्रमण पो भयो कि' भन्ने आशंकाले डराउँथे । विभिन्न कारणले एचआईभी संक्रमित भएकाहरुलाई सामान्य जीवन बाँच्न सहज थिएन । एचआईभी लागेपछि के हुन्छ ? काम गर्न सक्छन् वा सक्दैनन ? कति बाँच्छन? यावत प्रश्न उनीहरुमाथि छेडिएको हुन्थ्यो । किनभने सुरुवाती अवस्थामा संक्रमितले औषधि उपचार पाएका थिएनन । औषधिको अनुसन्धान भएको थिएन । त्यसैले संक्रमित भएकै कारण मृत्यु हुने जोखिम उच्च थियो ।*

*तर अहिले अवस्था त्यस्तो छैन। न एचआईभी संक्रमणको चर्चा हुन्छ, न यसबाट हुने सम्भावित मृत्युको भय नै । अहिले सहज रूपमा औषधि उपलब्ध छ । एचआईभी संक्रमितले पनि दीर्घरोग मधुमेह र उच्च रक्तचाप जस्तो जीवनभर औषधि सेवन गरेर सामान्य जीवन बिताउन सक्छन । जसकारण अहिले यो रोगको आतंक घटेको छ ।*

**एचआईभीको भय घटेको हो वा संक्रमण दर ?**

एचआईभीको संक्रमण दर अलिअलि घटेको हो । तर भय भने धेरै घटेको छ । नेपालमा संक्रमण फैलिंदा औषधि उपलब्ध थिएन । उपलब्ध भए पनि पहिले संक्रमित भएका व्यक्तिको मृत्युपछि मात्र अकी संक्रमित व्यक्तिले औषधि पाउँथे । अहिले एचआईभी संक्रमण देखिने बित्तिकै काउन्सिलिङ गरेर औषधि सुरु गराइहालिन्छ । संक्रमण पुष्टि भएको ३-४ दिनमा नै औषधी सुरु गराइन्छ । औषधि सेवन गरेपछि संक्रमितलाई एड्स हुँदैन जसले गर्दा भय घटेको हो ।

राष्ट्रिय एड्स तथा यौनरोग नियन्त्रण केन्द्रको तथ्यांक अनुसार नेपालमा एचआईभी संक्रमण दर घट्दै गएको पाइएको छ । दुई दशकमा नयाँ एचआईभी संक्रमण दर झण्डै ८४ प्रतिशतले घटेको छ । त्यस्तै एड्सका कारण हुने मृत्यु ७१ प्रतिशतले घटेको छ ।

**एचआईभीको भय घट्नुको कारण**

एचआईभीको भय घट्नुको मुख्य कारण भनेको औषधि उपचार प्रभावकारी हुँदै जानु हो । संक्रमित हुने बित्तिकै उपचारको व्यवस्था छ । जसले गर्दा विश्वभर नै संक्रमितको संख्या घट्दै गएको छ । यो संक्रमणको विषयका जनचेतना पनि राम्ररी फैलिएको छ जसले गर्दा नयाँ संक्रमितको संख्या घट्दो छ । संक्रमित भएकाहरू पनि एड्सको अवस्थासम्म पुग्दैनन ।

भय कम भए पनि एचआईभी संक्रमितलाई गरिने व्यवहारमा भने परिवर्तन आएको छैन । उनीहरूलाई हेर्ने दृष्टिकोणमा परिवर्तन भएको छैन । एचआईभी संक्रमणको जोखिम अहिले १८ देखि ४० वर्षको उमेर समूहलाई बढी छ । एचआईभी संक्रमण भएपछि जीवन नै सकिन्छ भन्ने जुन धारणा थियो, त्यो यथावत छैन । औषधि नियमित रूपमा सेवन गरेमा एचआईभीको कारण मृत्यु हुँदैन। संक्रमितहरूले पनि अन्य सामान्य व्यक्तिले जसरी नै जीवनयापन गर्न सक्छन ।

**संक्रमितले पनि पूर्ण जीवन बाँच्न सक्छन**

एचआईभी संक्रमितले पनि पूर्ण जीवन बाँच्न सक्छन । अहिले एचआईभीको नयाँ नयाँ औषधि उपलब्ध छन्, जसको नियमित सेवन गर्ने व्यक्ति उसको पूरा आयु बाँच्न सक्छन । यदि श्रीमान वा श्रीमतीमा एक जना एचआईभी पोजेटिभ र एक जना नेगेटिभ छन् भने जो नेगेटिभ छ उसलाई प्रेप भन्ने औषधि दिइन्छ । जो पोजेटिभ छ उसले आफ्नै औषधि सेवन गर्छन । यसो गर्दा त्यो दम्पतीबाट जन्मिएको बच्चा नेगेटिभ हुन्छ र पार्टनर पनि नेगेटिभ हुन्छ त्यसरी १५ वटा जति बच्चा जन्मिसकेका छन ।

**एचआईभी संक्रमणको लक्षण**

एचआईभी संक्रमण भएको पाँचदेखि सात वर्षसम्म केही पनि लक्षण नदेखिन सक्छ । ज्वरो आउने, पखाला लाग्ने जस्ता सामान्य समस्या पनि नदेखिन सक्छ, जसकारण धेरै व्यक्ति 'म स्वस्थ छु, मलाई त केही स्वास्थ्य समस्या छैन' भन्ठान्छन । आफू एचआईभीको जोखिममा पो छु कि भन्ने मान्छेले सोच्दैन । यो समयमा उसले अरूलाई संक्रमण सारिरहेको हुन सक्छ । संक्रमण हुने बित्तिकै लक्षण देखिने भए त सबै उपचारको पहुँचमा हुन्थे । एचआईभी संक्रमित भएको ५-७ वर्षपछि मात्र लक्षण देखिन थाल्छ। संक्रमण भएपछि शरीर संक्रामक रोगसँग लड्न असमर्थ हुन्छ, जसले लामो समयसम्म ज्वरो आउने, पखाला लाग्ने र वजन घट्ने जस्ता लक्षण देखिन्छन ।




एचआइभी एक प्रकारको भाइरस हो । यसले हाम्रो प्रतिरक्षा प्रणालीलाई आक्रमण गरी कमजोर बनाउँछ । जब कोही एचआईभी संक्रमित हुन्छ, उसको शरीर संक्रामक रोगहरूसँग लड्न असमर्थ हुन्छ। एचआईभी भाइरसले प्रतिरक्षा प्रणालीको ती कोषिकाहरुलाई नष्ट गर्छ । एचआईभी भाइरसको समयमै उपचार गरिएन भने शरीरमा संक्रमण बढ्न थाल्छ र यसले एड्स निम्त्याउन सक्छ ।

(टेकुस्थित शुक्रराज ट्रपिकल तथा सरुवारोग अस्पतालका मेडिकल अफिसर डा. देवकोटासँग सुमित्रा लुइटेलले गरेको कुराकानीमा आधारित लेख अनलाइन खबरबाट सभार)


## नगरपालिकाबासीलाई अनुरोध

१) जन्म, मृत्यु, बसाईसराई, बिवाह दर्ता जस्ता घटना ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा दर्ता गरौं ।
२) मालपोत लगायतका दस्तुर समयमै बुझाई जिम्मेवार नागरिक बनौं ।
३) कृषिमा आत्मनिर्भर, पशुपालनमा युवा सहभागिता बढाएर स्वरोजगार बनौं ।
४) आफ्नो सन्तानलाई सक्षम एवम् शिक्षित बनाउन विद्यालय पठाऔं।
५) गाउँ टोलको विकास निर्माण कार्यमा सहभागिता जनाऔं।
६) बाँझो जमिन उपयोग गरी खाद्यान्न संकट हटाउनुमा जोड दिऔं ।
७) रुख, बिरुवा बृक्षारोपण गरी वातावरण हरीयाली बनाऔं।
८) पूर्ण सरसफाई तथा हिंसा मुक्त समाज निर्माणमा सहयोग गरौं ।
९) आर्थिक कार्यमा महिला सहभागितामा जोड दिऔं ।
१०) बाल बिवाह रोकौं, छोरीको उज्ज्वल भविष्यको लागि आजैदेखि सोचौं ।
११) लैङ्गिक हिंसाको विरोध गरौं । ज्येष्ठ नागरिक, एकल महिला एवम् अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरिने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खबरदारी गरौं ।
१२) पालिकाबाट इजाजत लिएर मात्र घर निर्माण तथा व्यवसाय सञ्चालन गरौं ।

अनुरोधक :
स्वर्गद्वारी नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय, भिंगृ प्यूठान



## गाउँपालिकाबासीलाई अनुरोध

१) जन्म, मृत्यु, बसाईसराई, बिवाह दर्ता जस्ता घटना ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा दर्ता गरौं ।
२) मालपोत लगायतका दस्तुर समयमै बुझाई जिम्मेवार नागरिक बनौं ।
३) कृषिमा आत्मनिर्भर, पशुपालनमा युवा सहभागिता बढाएर स्वरोजगार बनौं ।
४) आफ्नो सन्तानलाई सक्षम एवम् शिक्षित बनाउन विद्यालय पठाऔं।
५) गाउँ टोलको विकास निर्माण कार्यमा सहभागिता जनाऔं।
६) बाँझो जमिन उपयोग गरी खाद्यान्न संकट हटाउनुमा जोड दिऔं ।
७) रुख, बिरुवा बृक्षारोपण गरी वातावरण हरीयाली बनाऔं।
८) पूर्ण सरसफाई तथा हिंसा मुक्त समाज निर्माणमा सहयोग गरौं ।
९) आर्थिक कार्यमा महिला सहभागितामा जोड दिऔं ।
१०) बाल बिवाह रोकौं, छोरीको उज्ज्वल भविष्यको लागि आजैदेखि सोचौं ।
११) लैङ्गिक हिंसाको विरोध गरौं । ज्येष्ठ नागरिक, एकल महिला एवम् अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरिने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खबरदारी गरौं ।

अनुरोधक
झिमरुक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
म्यागुते प्यूठान, लुम्बिनी प्रदेश



## गाउँपालिका बासीमा अनुरोध

- समयमा उपभोक्ता समिति गठन गरी निर्धारित मितिमा काम सम्पन्न गरौं ।
- प्राविधिक गुणस्तरमा ध्यान दिऔं ।
- वास्तविक लागत सहभागिता गरी योजनाको अपतत्व आफै लिऔं ।
- विकास निर्माणमा सबैले चासो दिउँ र सहभागि बनौं ।
- आफ्नो घर अगाडी नाला तथा ढल सरसफाई गरी सभ्य नागरिकको पहिचान दिउँ ।
- आफ्नो घरबाट निस्कने फोहर व्यवस्थापन गरौं, कुहिने फोहरलाई प्राङ्गारिक मल बनाऔं, नकुहिने फोहरलाई उचित व्यवस्थापन गरौं ।

अनुरोधक
गौमुखी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लिवासे प्यूठान, लुम्बिनी प्रदेश

# पशुपंक्षीमा एन्टिबायोटिकको दुरूपयोगले पार्दैछ जनस्वास्थ्यमा गम्भीर खतरा



दिपेन्द्रराज आचार्य

कृषि तथा पशुपंक्षी विकास मन्त्रालयको २०१७/१८ को प्रतिवेदन अनुसार नेपालमा उक्त वर्ष ७० हजार मेट्रिकटन कुखुरा र २८ हजार मेट्रिकटन भन्दा बढी सुंगुरको मासु उत्पादन भएको देखाउँछ। विगत दश वर्षमा नेपालमा कुखुरा २७७ र सुंगुरको मासु उत्पादन ७७ प्रतिशतले बृद्धि भएको छ। नेपालको निर्यात र आयातको अनुपात १:१६ सम्म पुगेको सन्दर्भमा नेपाल मासुमा आत्मनिर्भरतर्फ अघि बढ्नु एउटा सकारात्मक पक्ष भएपनि यससँगै पशुपंक्षीमा प्रयोग हुने एन्टिबायोटिकको अनियन्त्रित र अत्यधिक प्रयोगले जनस्वास्थ्यमा निकै ठूलो चुनौति र समस्या सिर्जना गरेको छ।

सन् २०२१ अगस्टमा काठमाडौं उपत्यकाका ३ जिल्लाका ३० वटा कुखुरा फर्ममा गरिएको एक अध्ययन अनुसार ९० प्रतिशत अर्थात २७ वटा कुखुरा फर्ममा एन्टिबायोटिक प्रयोग गरिएको पाइयो। उक्त फर्महरुमध्ये २१ वटा फर्मले उपचारका लागि तथा ७ वटा फर्मले रोग लाग्न नदिने प्रोफाइल्याक्सिस् प्रयोग गरेका थिए। यसमा मुख्य गरेर म्याक्रोलिड, पोलिम्याग्जिन्स र क्युनोलोनस् ग्रुपका औषधिहरु थिए। यसमध्ये टाइलोसिन ४७ प्रतिशत, कोलिस्टिन ४७ प्रतिशत, नियोमाईसिन र डोक्सिसाईक्लिनको समिश्रण ३३ प्रतिशत फर्मले प्रयोग गरेका थिए। यस्तै २७ प्रतिशत अर्थात ७ वटा फर्मले २ भन्दा बढी एन्टिबायोटिक प्रयोग गरेको पाइयो। टाइलोसिन बाहेक माथि उल्लेखित सबै औषधिहरु मानव संक्रमणका सघन उपचारमा प्रयोग गरिने औषधिहरु हुन्। यस्ता औषधि पशुपंक्षीमा जथाभावी रुपमा प्रयोग गर्दा ब्याक्टेरियाले एन्टिबायोटिकको विरुद्धमा आफूलाई अनुकुल बनाउँदै लैजान्छ र औषधिले रोगका किटाणुलाई मार्न वा संक्रमण रोक्न सक्दैन जसलाई हामी एन्टिबायोटिकको रेसिस्टेन्ट भन्ने गर्छौं। यसरी रेसिस्टेन्ट भएका ब्याक्टेरिया हावा, पानी, माटो, जनावरका मासु, दुध, मल आदी कुनै पनि माध्यमबाट मानिसमा प्रवेश गरि आफू र अन्य रोगका किटाणुलाई समेत रेसिस्टेन्ट उत्पन्न गराउँछन्। यस्तै, सन् २०14 मा चितवनका १० बटा सुंगुर पसलबाट १३९ वटा फ्रेस नमुना लिई प्रयोगशालामा परीक्षण गरीएको थियो। यस परीक्षणमा विभिन्न औषधिमा रगतमासी, झाडापखाला लगाउने एक ब्याक्टेरिया क्याम्फाइलो ब्याक्टरको सेन्सिटिभिटि अर्थात् औषधिको काम गर्ने क्षमता परीक्षण गरिएको थियो। एमोक्सिसिलिन र इराइथ्रोमइसिनको ९२ प्रतिशत, टेट्रासाइक्लिनको ७७ प्रतिशत रेसिस्टेन्ट देखिएको थियो। अझ यो भन्दा पनि अर्को चिन्ताको विषय, विश्व स्वास्थ्य संगठनले अन्तिम विकल्प भनेर विक्री वितरण गर्न रोक लगाएको कोलिस्टिन जुन अन्य एन्टिबायोटिकले काम नगर्दा अन्तिम विकल्पको रुपमा प्रयोग गरिन्छ यसको रेसिस्टेन्ट समेत ७२ प्रतिशत देखिएको छ। नेपाल सरकारले हाल पशुपंक्षीमा एन्टिबायोटिकको प्रयोग निषेध गरेपनि लुकीछिपी यसको विक्री वितरण भईरहेको छ। सन् १९४० तिर नयाँ एन्टिबायोटिकको खोज र परीक्षण गर्ने क्रममा टेट्रासाइक्लिनलाई कुखुरा, सुगुर जस्ता खाद्य प्रयोजनका लागी पालिने पशुपक्षीमा यसको परीक्षण गरियो। टेट्रासाइक्लिनको प्रयोगबाट यस्ता पशुपंक्षीको तौल छिटो वृद्धि भएको पाइयो। यसपछि व्यवसायिक प्रयोजनका लागि पालिएका पशुपंक्षीमा तौल बृद्धि गर्न र रोगनै लाग्न नदिने उद्देश्यले एन्टिबायोटिक दिन थालियो। यसरी अत्यधिक र अनियन्त्रत प्रयोगले ब्याक्टेरियामा यिनिहरुको प्रभाव कम हुदै गई एन्टिबायोटिक रेसिस्टेन्ट हुन थाल्यो। विश्वभरमा एन्टिबायोटिक रेसिस्टेन्ट तिव्र हुनुको मुख्य कारण पशुपंक्षी व्यवसायमा प्रयोग अत्याधिक र अनावश्यक हुनु हो। अंग प्रत्यारोपण, जोर्नी प्रतिस्थापन जस्ता जटिल शल्यक्रियामा होस् वा तथा मधुमेह, दम, बाथरोगमा हुने संक्रमण रोक्न एन्टिबायोटिक नभई हुँदैन। यस्तो अवस्थामा प्रयोग गरिने औषधिले किटाणुलाई मार्न सकेन भने संक्रमण झन् बढ्न गई मृत्यु समेत हुन सक्छ। विश्व स्वास्थ्य संगठनले एन्टिबायोटिक रेसिस्टेन्ट लाई विश्व स्वास्थ्य, खाद्य सुरक्षा र विकासको एक प्रमुख चुनौति भनेको छ। युएन को २०१९ को एक रिपोर्ट अनुसार प्रत्येक वर्ष ७ लाख मानिसको मृत्यु औषधि प्रतिरोधी रोगका कारण हुने गर्छ। यदि कुनै प्रभावकारी कदम नचाल्ने हो र यही गतिमा रेसिस्टेन्ट बढ्दै जाने हो भने सन् २०५० सम्ममा प्रतिवर्ष १ करोड मानिसको मृत्यु हुने अनुमान गरेको छ। एक अध्ययन अनुसार उपर्युक्त पद्धती अपनाउदा जनावरबाट हुने एन्टिबायोटिक रेसिस्टेन्टलाई ३९ प्रतिशतसम्म कम गर्न सकिन्छ। नयाँ एन्टिबायोटिकको विकास अत्यन्त कम मात्रामा हुनु र भएका एन्टिबायोटिक रेसिस्टेन्ट हुनु गम्भीर चिन्ताको विषय हो।

**समाधान** : मानव संक्रमणको उपचारमा प्रयोग गरिने औषधिलाई पशुचिकित्सामा प्रयोग गर्न रोक लगाउनुपर्छ। प्रयोग गर्नैपरे पशुचिकित्सकको सिफारिसमा मात्र प्रयोग गर्नुपर्छ। नेपालमा पशुपंक्षीमा यसको प्रयोग नियमन र सुपरिवेक्षण गर्ने सम्वन्धि कुनै राष्ट्रिय निर्देशिका छैन। सरकारले यस सम्वन्धि निर्देशिका जारी गरेर एन्टिबायोटिकको प्रयोगलाई नियमन र सुपरिवेक्षण गर्नका लागि स्थानीय निकायलाई सक्षम बनाई परिचालन गर्न सकिन्छ। युरोपियन मुलुकहरुले संक्रमण रोक्न एन्टिबायोटिक प्रयोग गर्ने भन्दा पनि रोगनै लाग्न नदिने रोकथामका उपायमा जोड दिइएको छ। वासस्थान नियमित सफा राख्ने, संक्रमित जीवजन्तु, मानिस आदिको प्रवेशमा रोक लगाउने, संक्रमण फैलाउन सक्ने किरा, मुसा, जनावर जुनसुकै बस्तुलाई पशुपंक्षीको संसर्गबाट टाढा राख्ने, स्वस्थ्य आहारको व्यवस्था गर्नेजस्ता जैविक सुरक्षाका उपायबाट पशुपंक्षीलाई रोगको संक्रमणबाट बचाउन सकिन्छ।

-(लेखक विरेन्द्र अस्पताल छाउनीका फर्मासिष्ट हुन्।)


## गाउँपालिका बासीमा अनुरोध !

- समयमा उपभोक्ता समिति गठन गरी निर्धारित मितिमा काम सम्पन्न गरौं ।
- प्राविधिक गुणस्तरमा ध्यान दिऔं ।
- वास्तविक लागत सहभागिता गरी योजनाको अपतत्व आफै लिऔं ।
- विकास निर्माणमा सबैले चासो दिउँ र सहभागि बनौं ।
- आफ्नो घर अगाडी नाला तथा ढल सरसफाई गरी सभ्य नागरिकको पहिचान दिउँ ।
- आफ्नो घरबाट निस्कने फोहर व्यवस्थापन गरौं, कुहिने फोहरलाई प्राङ्गारिक मल बनाऔं, नकुहिने फोहरलाई उचित व्यवस्थापन गरौं ।

अनुरोधक
माण्डवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जस्पुर प्यूठान, लुम्बिनी प्रदेश

## के तपाई घर बनाउँदै हुनुहुन्छ? आफ्नो घर अरूको भन्दा फरक र आकर्षक बनाउने चाहाना राख्नु भएको छ ?

त्यसो हो भने हामीलाई सम्झनुहोस् । अब प्यूठानमा पहिलो पटक आकर्षक तथा उत्कृष्ट कोरियन यू.पि.भि.सि. प्रविधिका गुणस्तरिय झ्याल, पार्टेसन र ढोकाहरू हामीले लिएर आएका छौं ।







साथै घर तथा अफिस सजावटका सम्पूर्ण फर्निचर तथा फर्निसिङ सामग्री आवश्यक परेमा हामीलाई सम्झनुहोस् ।

प्रो. प्रभात के.सी. (९८५७८३३९८१/९८४७८२१९८०)

एसियन यू.पि.भि.सि. एण्ड सप्लायर्स
प्यूठान नगरपालिका ४ जुम्री बजार प्यूठान

## गाउँपालिकाबासीलाई अनुरोध

१) जन्म, मृत्यु, बसाईसराई, बिवाह दर्ता जस्ता घटना ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा दर्ता गरौं ।
२) मालपोत लगायतका दस्तुर समयमै बुझाई जिम्मेवार नागरिक बनौं ।
३) कृषिमा आत्मनिर्भर, पशुपालनमा युवा सहभागिता बढाएर स्वरोजगार बनौं ।
४) आफ्नो सन्तानलाई सक्षम एवम् शिक्षित बनाउन विद्यालय पठाऔं।
५) गाउँ टोलको विकास निर्माण कार्यमा सहभागिता जनाऔं।
६) बाँझो जमिन उपयोग गरी खाद्यान्न संकट हटाउनुमा जोड दिऔं ।
७) रुख, बिरुवा बृक्षारोपण गरी वातावरण हरीयाली बनाऔं।
८) पूर्ण सरसफाई तथा हिंसा मुक्त समाज निर्माणमा सहयोग गरौं ।
९) आर्थिक कार्यमा महिला सहभागितामा जोड दिऔं ।
१०) बाल बिवाह रोकौं, छोरीको उज्ज्वल भविष्यको लागि आजैदेखि सोचौं ।
११) लैंङ्गिक हिंसाको विरोध गरौं । ज्येष्ठ नागरिक, एकल महिला एवम् अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरीने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खवरदारी गरौं ।

अनुरोधक
सरूमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बड्डाँडा प्यूठान, लुम्बिनी प्रदेश

## व्यक्तिगत घटना समयमा नै दर्ता गराऔं ।

- जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद तथा बसाईसराई जस्ता व्यक्तिगत घटना दर्ता समयमा नै दर्ता गराऔं ।
- व्यक्तिगत घटना दर्ता व्यक्ति पहिचानको पहिलो आधार हो ।
- यस्ता घटना ३५ दिनभित्र स्थानीय पञ्जिकाधिकारीको कार्यालय (वडा कार्यालय) मा नि:शुल्क रुपमा दर्ता गर्न सकिन्छ ।
- विकासका योजना तर्जुमा गर्न, राज्यबाट नागरिकलाई प्रदान गरिने सेवा सुविधा सुनिश्चित गर्न, जनसंख्याको विवरण अद्यावधिक लगायतका कार्यका लागि व्यक्तिगत घटना दर्ता आवश्यक छ ।

**नेपाल सरकार विज्ञापन बोर्ड**

## गाउँपालिका बासीमा अनुरोध

- समयमा उपभोक्ता समिति गठन गरी निर्धारित मितिमा काम सम्पन्न गरौं ।
- प्राविधिक गुणस्तरमा ध्यान दिऔं ।
- वास्तविक लागत सहभागिता गरी योजनाको अपतत्व आफै लिऔं ।
- विकास निर्माणमा सबैले चासो दिउँ र सहभागि बनौं ।
- आफ्नो घर अगाडी नाला तथा ढल सरसफाई गरी सभ्य नागरिकको पहिचान दिउँ ।
- आफ्नो घरबाट निस्कने फोहर व्यवस्थापन गरौं, कुहिने फोहरलाई प्राङ्गारिक मल बनाऔं, नकुहिने फोहरलाई उचित व्यवस्थापन गरौं ।

**अनुरोधक**

**नौबहिनी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
बाहाने प्यूठान,लुम्बिनी प्रदेश

## गाउँपालिका बासीमा अनुरोध !

- समयमा उपभोक्ता समिति गठन गरी निर्धारित मितिमा काम सम्पन्न गरौं ।
- प्राविधिक गुणस्तरमा ध्यान दिऔं ।
- वास्तविक लागत सहभागिता गरी योजनाको अपतत्व आफै लिऔं ।
- विकास निर्माणमा सबैले चासो दिउँ र सहभागि बनौं ।
- आफ्नो घर अगाडी नाला तथा ढल सरसफाई गरी सभ्य नागरिकको पहिचान दिउँ ।
- आफ्नो घरबाट निस्कने फोहर व्यवस्थापन गरौं, कुहिने फोहरलाई प्राङ्गारिक मल बनाऔं, नकुहिने फोहरलाई उचित व्यवस्थापन गरौं ।

**अनुरोधक**

**ऐरावती गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
बरौंला प्यूठान, लुम्बिनी प्रदेश

## गाउँपालिकाबासीलाई अनुरोध

१) जन्म, मृत्यु, बसाईसराई, बिवाह दर्ता जस्ता घटना ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा दर्ता गरौं ।
२) मालपोत लगायतका दस्तुर समयमै बुझाई जिम्मेवार नागरिक बनौं ।
३) कृषिमा आत्मनिर्भर, पशुपालनमा युवा सहभागिता बढाएर स्वरोजगार बनौं ।
४) आफ्नो सन्तानलाई सक्षम एवम् शिक्षित बनाउन विद्यालय पठाऔं।
५) गाउँ टोलको विकास निर्माण कार्यमा सहभागिता जनाऔं।
६) बाँझो जमिन उपयोग गरी खाद्यान्न संकट हटाउनुमा जोड दिऔं ।
७) रुख, बिरुवा बृक्षारोपण गरी वातावरण हरीयाली बनाऔं।
८) पूर्ण सरसफाई तथा हिंसा मुक्त समाज निर्माणमा सहयोग गरौं ।
९) आर्थिक कार्यमा महिला सहभागितामा जोड दिऔं ।
१०) बाल बिवाह रोकौं, छोरीको उज्ज्वल भविष्यको लागि आजैदेखि सोचौं ।
११) लैंङ्गिक हिंसाको विरोध गरौं । ज्येष्ठ नागरिक, एकल महिला एवम् अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरीने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खवरदारी गरौं ।

**अनुरोधक**

**मल्लरानी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
खलङ्गा प्यूठान, लुम्बिनी प्रदेश

## उद्योगी, व्यवसायी तथा उपभोक्ता वर्गमा अनुरोध

उपभोग्य वस्तु खरिद बिक्रि तथा उपभोग गर्नुअगाडि देहायका कुराहरुमा ध्यान दिई सचेत उपभोक्ता एवं जिम्मेवार व्यसायीको परिचय कायम गरौं ।

- उद्योगी व्यवसायीहरुले सम्बन्धित निकायमा दर्ता गरेर मात्र उद्योग व्यवसाय सञ्चालन गरौं ।
- उद्योगबाट निस्कने ठोस तरल तथा अन्य फोहरहरुको छुट्टाछुट्टै निर्धारित मापदण्ड बमोजिम व्यवस्थापन गरौं ।
- बिक्रि गर्ने बस्तुहरु समय समयमा निरिक्षण गरी अखाद्य वा म्याद गुज्रेका सामानहरु बिक्रि स्थलमा नराखौं ।
- बिक्रियोग्य बस्तुको आवश्यकता अनुसारको तापक्रममा भण्डारण गर्ने गरौं ।
- बिना इजाजत सुर्तिजन्य र मदिराजन्य वस्तुहरुको बिक्रि वितरण नगरौं ।
- औषधी तथा औषधीजन्य पदार्थहरुको प्याकिङमा उपभोग्य मिति र प्रयोग गर्ने तरिकाको बारेमा उपभोक्तालाई जानकारी दिने गरौं ।
- अनुचित मुनाफा राखी वस्तु तथा सेवा बिक्रि गर्नु दण्डनीय अपराध भएको हुँदा त्यस्तो कार्य नगरौं ।
- कारोवार स्थलमा साइनबोर्ड तथा मुल्यसूची स्पष्ट देखिने गरी अनिवार्य रुपमा राख्ने गरौं ।
- उपभोग्य वस्तु खरिद गर्दा अनिवार्य रुपमा बिल बिजक लिने/दिने गरौं ।
- उपभोक्ताले कुनैपनि उपभोग्य वस्तु खरिद गर्दा उत्पादन मिति, मुल्य, तौल, उपभोग्य मिति, गुणस्तर आदि उल्लेख छ छैन हेरेर मात्र खरिद गरौं ।
- प्लाष्टिकको झोलाको विकल्पमा कपडा वा अन्य झोला प्रयोग गरौं ।
- कृत्रिम अभाव श्रृजना गरिएको, कमसल वस्तु बिक्रि वितरण गरेको पाइएमा स्थानीय प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय, वा घरेलु तथा साना उद्योग कार्यालयमा उजुरी गरौं।
- उपभोक्ता हित विपरित कुनै कार्य भएको थाहा पाएमा नागरिक खवरदारि गरौं ।

**अनुरोधक : घरेलु तथा साना उद्योग विकास कार्यालय, खलङ्गा प्यूठान**

## डिभिजन वन कार्यालय, प्यूठानको अनुरोध

**देहाय बमोजिमका कार्य गर्न, गराउन दण्डनिय हुन्छ ।**

वन फाँड्ने, वन क्षेत्रमा खनजोत गर्ने, खनिज उत्खनन् गर्ने, पूर्वाधार तथा घर टहरा बनाउने, व्यवसाय सञ्चालन गर्ने, विना इजाजत राष्ट्रिय वन, निजी वन तथा निजी आवादी समेतका वन पैदावार कटान, संकलन र ओसारपसार गर्ने सबै कार्य अपराध हुन् । यस्ता कार्य गरेमा वन ऐन, २०७६ बमोजिम कैद वा दश लाख रुपैयाँ सम्म जरिवाना हुने व्यवस्था रहेको छ ।

त्यसैले उक्त निषेधित कार्यहरु नगर्न नगराउनुहुन सबैमा अनुरोध गरिन्छ ।

**अनुरोधक :**
**डिभिजन वन कार्यालय खलङ्गा प्यूठान**


**झुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित झुलेनी पोष्ट साप्ताहिक**
अध्यक्ष : गिरुप्रसाद भण्डारी (९८५७८३३०५१), सम्पादक : दीपा घर्ति (९८५७८३६६७२), डिजाइन : सुजाता थापा क्षेत्री (९८६६८०७२३७)
कार्यालय : प्यूठान न.पा.-४, विजुवार भौकारोड, (फोन : ०८६-५९०४३६) इमेल : jhulenipyuthan@gmail.com मुद्रण : भिजन अफसेट प्रेस जस्पुर, प्यूठान